नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६७ ल्हुति पुन्हि- वैशाख महिना वर्ष ३८ अंक १२
बु.सं. २५५४ ने.सं. ११३१

The Ananda Bhoomi (Year 38, Vol. 12)
A Buddhist Monthly :April/May 2011



*प्रमुख सल्लाहकारः*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकारः*
**भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
**भिक्षु सरणंकर**
आनन्द कुटी विहार, ४२७१४२०

*वितरण तथा अर्थ*
**भिक्षु पियदस्सी, भिक्षु नारद**

*लेखा व्यवस्थापनः*
**भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन**, स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्*
**विनोद महर्जन**

*कम्प्यूटर सज्जा*
**राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण (के.पि. मगर)**,बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरुङ् (लमजुङ्), ।



*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*


## बुद्धवचनामृत



**अत्तानं एव पठमं - पटिरूपे निवसये।**
**अथञ्ञम'नुसासेय्य- न किलिसेय्य पण्डितो ॥**

***अर्थात् : आफूलाई नै पहिले उचित स्थानमा राख, अनिमात्र अरूलाई उपदेश गर, यसरी व्यवहार गर्ने पण्डितको चित्तमा क्लेश (दुःख) भित्रिदैन ।***

थःत निं न्हापां उचितगु थासय् बाँलाक ति ! अले मेभिन्त उपदेश ब्यु, थुकथंयाःम्ह पण्डितयागु चित्तय् क्लेश (दुःख) दुहाँ वइमखु ।

Let one first establish oneself in what is proper, and then instruct others. Such a wise man will not be defiled or blamed by others.

**- धम्मपद, १५८**


*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np
kondanya@soon.com


**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | जनगणनामा हामीले केही गर्नु पर्दैन र ? | सम्पादकीय | ३ |
| २. | धर्म र कर्तव्य | संघउपनायक भिक्षु अश्वघोष महास्थविर | ५ |
| ३. | भन्तेप्रति | राज शाक्य, ललितपुर | ६ |
| ४. | सतिपट्ठान सुत्तको प्रायोगिक पक्ष | सत्यनारायण गोयन्का | ७ |
| ५. | सम्प्रदाय निरपेक्ष भाविताद्वारा दुःखमुक्ति | लोकबहादुर शाक्य | १० |
| ६. | चीनमा बुद्धको अस्थिधातु संरक्षण | केशरी वज्राचार्य | १२ |
| ७. | ग्राहक वर्गमा अनुरोध | आनन्द भूमि | १४ |
| ८. | कलंक मानव जातिका | डा. गणेश माली | १५ |
| ९. | पर्दाभित्रको एक संगीतकारको दुखेसा | प्रेमलक्ष्मी तुलाधर | १६ |
| १०. | बुद्ध र शान्ति-शिक्षा पढेपछि | शिशिल चित्रकार | १८ |
| ११. | बुद्धको अन्तिम यात्रा विवरण-३ | अनु. दुण्डबहादुर वज्राचार्य | २१ |
| १२. | दान परमत्थ पारमिता | भिक्षु कुमार काश्यप महास्थविर | २४ |
| 13. | Lord Buddha as Emblem of Peace | Suwarna Shakya | 26 |
| 14. | Meditation and Reflection II | Bhikkhu Upatissa | 28 |
| १५. | बौद्ध गतिविधि | | ३० |



## सम्झनुहोस्
### सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि
## राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

**संस्थाद्वारा निर्धारित ब्याजदर**

**निक्षेपतर्फ**

| | | ब्याजदर |
|---|---|---|
| १. बचत खाता | | ९% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ९.५०% | १०% |
| १ वर्ष | १२% | १२.५०% |
| २ वर्ष | १२.५०% | १३% |
| ३ वर्ष | १३% | १४% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रूपमा १३% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्ष मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्योहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा एक महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप ब्याज दिइनेछ ।

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२

# सम्पादकीय

## जनगणनामा हामीले केही गर्नु पर्दैन र ?

प्रत्येक दश दश वर्षमा जनगणना हुँदै आइरहेको हामीलाई थाहै छ । बुद्ध-जन्मभूमि राष्ट्र नेपाल बहुधार्मिक, बुहभाषिक, बहुजातीय, बहुसाँस्कृतिक मुलुक हो । बदलिंदो एतेहासिक राजनीतिक परिवर्तनसंगै नेपालको अन्तरिम संविधान २०६३ ले- "नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो ।" भनी स्पष्ट किटान गरिसकेको छ । विविध जनजातिको मुलुक यो देशमा सदियौंदेखि राज्यब्यवस्थाले एकपक्षीय नीति अवलम्बन गर्ने, कसैलाई काखा त कसैलाई पाखा लगाउने कानुनी, प्रशासनिकलगायत असमान विधिब्यवहार गरिँदै आएको थियो । वास्तवमा जनजातिहरूको भावनालाई कुल्चिएर होइन, बरू सबैलाई समेटिएर अगाडि बढ्नुपर्ने लोकतान्त्रिक मान्यता हो । तर विगतको इतिहासमा शासकहरूले नेपालका आदिवासी बौद्ध जनजातिहरूलाई हिन्दूकरणको चेपुवामा पारी थिचोमिचो गरिदै आएको इतिहास हामीसामू विद्यमान छ ।

जनगणनाको भावनालाई समेटिएर गत ५८ सालको जनगणनामा केही प्रभावकारी परिवर्तन देखिएकै हो । विभिन्न बौद्ध संघसंस्थाहरूको सकृयता एवं विभिन्न कारणले निश्चय पनि हामीबीच चेतनामूल जागरणमा अभिवृद्धि देखिएको छ । जनगणनामा जुन परिवर्तन देखिएको थियो, त्यस क्रमलाई अझ सतत् जागरूक क्रियाकलापमा निरन्तरता दिँदैजानु परिवर्तनकामी सबैको दायित्व भएको छ ।

नेपालमा धर्मसम्बन्धी जनसंख्या तथ्याङ्क प्रथमपटक इ. सं. १९५२/५४ मा उपलब्ध भएको विगतको इतिहासलाई खोतल्दा त्यसबेला नेपालको कूल ८२ लाख जनसंख्यामध्ये ७०७,१०४ अथवा ८.८ प्रतिशत बौद्ध थिए भने १९५२/५४–१९६१ को दशकमा २३.२ प्रतिशत वृद्धि भएको देखिन्छ । त्यसपछि १९६१–८१ को दुई दशकमा बौद्ध जनसंख्या ८.३ प्रतिशत घट्यो र नेपालको कूल जनसंख्याको ५.३ प्रतिशत मात्र बौद्ध रह्यो । पञ्चायत शासनको एकाधिकारी धार्मिक नीतिको कारणले यसो भएको मानिन्छ । ४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछिको १९९१ को जनगणनामा भने १९८१ को तुलनामा बौद्ध जनसंख्या ८६.१ प्रतिशत बढेको थियो । त्यसपछि १९८१–२००१ मा ६९.७ प्रतिशत बढ्यो । १९५२/५४ र १९९१ को चारदशकमा ७ लाखबाट १४ भई दोब्बर भयो । १९९१–२००१ को दशकमा आइपुग्दा बौद्धहरूको जनसंख्या १० लाख बढेको थियो । समग्रमा भन्नुपर्दा १९५२/५४ देखि २००१ को पाँच दशकमा बौद्ध जनसंख्या ७ लाखबाट झण्डै २५ लाखमा पुगी ३.४ गुणा मात्र बढेको छ । १९५२/५४–१९९१ को झण्डै चार दशकमा नेपालको कुल जनसंख्या वृद्धि क्रमशः १२४ प्रतिशत वृद्धि भयो । सो अवधिमा हिन्दू तथा बौद्ध जनसंख्या वृद्धि क्रमशः ११८.६ प्रतिशत र १०३.५ प्रतिशत थियो । अथवा सो समयमा हिन्दूकरणको प्रवाह बलियो थियो । तर गत दशकमा यस प्रवृत्तिमा आमूल परिवर्तन देखा परेको छ । १९९१–२००१ को दशकमा नेपालको कुल जनसंख्या २३ प्रतिशतले बढ्यो भने हिन्दू जनसंख्या १४.६ प्रतिशत मात्र र बौद्ध जनसंख्या ६९.७ प्रतिशतले बढ्यो । यही अनुपातमा आसन्न जनगणनामा हामी बौद्धहरूको सहभागितालाई सक्रिय सँगै सजगता एवं सतर्कता अपनाउन सकिएन भने अभिवृद्धि हुन्छ नै भनी ढुक्क हुनु धोका हुनसक्छ, बेलैमा सोच्नुपर्ने हाम्रो कर्तव्य हो । साथै प्रचार प्रसारमा तदारूकता अपनाउन कन्जुस्याई गर्नुहुन्न ।

गत जनगणनाअनुसार बौद्धहरूको सबैभन्दा बढी जनसंख्या वृद्धि मगर तथा गुरूङ्को थलो मध्यपहाडमा भयो र त्यसपछि काठमाडौं उपत्यकामा । १९९१–२००१ मा दशलाख बौद्ध जनसंख्या बढेकोमध्ये ९३.४ प्रतिशत मध्यपहाडमा भयो । प्रतिशतअनुसार बौद्ध जनसंख्या वृद्धि हिमालमा २१.६, भित्रिमधेशमा ६३.४, पहाडमा ७४.० र तराईमा १०७.३ भयो । सरदर वृद्धि प्रतिशतभन्दा बढी हुने पश्चिम भित्रिमधेश, मध्यतराई, पश्चिमपहाड र मध्यपहाड प्रदेश थियो । भित्रिमधेश तथा तराईमा बौद्ध जनसंख्या बढ्नुको कारण मूलतः बुद्धधर्म मान्ने जातिहरूको पहाडबाट बसाईं सराईं हो । पहाड प्रदेशमा बौद्ध जनसंख्या वृद्धिको कारणचाहिं धेरै मतवालीहरूले जनगणनामा अघिजस्तो हिन्दूको सट्टा बुद्धधर्म जनाउनुले हो ।

विगतको राज्य व्यवस्थाले एक धर्म एक भाषा एक संस्कृतिको सिद्धान्तको आधारमा जुन व्यवहार गरिएको थियो, ४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि धार्मिक, भाषिक, जातीय स्वतन्त्रताले गर्दा नयाँ वातावरण सृजना भएको छ भने हाल राजतन्त्रको अन्त्य भई संविधान सभामार्फत धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा सामाजिक समानताको चेतनाबाट बौद्धलगायत अन्य गैरहिन्दू समुदायहरू सलबलाउनु स्वाभाविक हुन् । यसलाई धार्मिक स्वतन्त्रता, जातीय पहिचान तथा अभिव्यक्तिको परिचायक मान्न सकिन्छ । जे होस् राष्ट्रको सर्वाङ्गिण विकासमा राष्ट्रिय नीतिगत महत्व राख्ने आसन्न जनगणनामा हामी सम्पूर्ण बौद्धहरू सजग होऔं, सतर्क रहौं भनी आनन्द भूमिले पहिले पनि यही स्वरूमैं सम्बद्ध सबैलाई सतर्क गराएकै हौं । तर विडम्बना ! जनगणनाको जति समय नजिकिए पनि सम्बद्ध बौद्ध संघसंस्थाहरू निदाएझैं वा कानमा तेर हाली नसुनेझैं गरिरहेको हो कि !? ♦

## नव वर्ष २०६८ को हार्दिक शुभकामना !



नयाँ वर्ष २०६८ को सुखद् उपलक्ष्यमा सम्पूर्ण श्रद्धालु दाताहरू, उपासक उपासिकाहरू तथा समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरूलाई सु-स्वास्थ्य एवं समृद्धि होस्, धर्ममा प्रतिष्ठित भएर सबैले आ-आफ्नो कर्तव्यलाई जिम्मेवारीपूर्वक बहन गर्न सकोस्, हिंसात्मक गतिविधि त्यागेर शान्तिपूर्ण विधिव्यवहार गर्दै जानसकोस्, बुद्ध-जन्मभूमि नेपाल राष्ट्रको सर्वाङ्गीन विकासका लागि सम्बद्ध सबैल योगादन पुर्‍याउन सकोस् भनी हार्दिक मैत्रीपूर्ण शुभकामना व्यक्त गर्दछु । साथै बेलैमा संविधान घोषणा गरी नेपालमा दीगो शान्ति तथा विकासका लागि मार्ग प्रशस्त गर्न/गराउन राजनैतिक नेताहरूलाई जिम्मेवारपूर्ण कदम चाल्न सफलता मिलोस् यही नव वर्षको हार्दिक मैत्रीपुर्ण शुभकामना !

शुभेच्छुक

**आचार्य भिक्षु कुमार काश्यप महास्थविर**

प्रमुख, आनन्दकुटी विहार, स्वयम्भू

निवर्तमान अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ

**मधुव मञ्ञती बालो - याव पापं न पच्चति ।**

**यदा च पच्चति पापं - अथ बालो दुक्खं निगच्छति ॥**

पापयागु फल मवःतले मूर्ख थःम्हं यानागु पापयात कस्तिसमान भालपाः च्वनी, तर गुखुनु पापयागु फल भोग यायेमाली उखुनु तिनि उम्ह मूर्ख दुःखी जुइ ।

**- धम्मपद**

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

हवनाछेँ, पाको, न्यूरोड, काठमाडौं

फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

# धर्म र कर्तव्य



✍ भिक्षु अश्वघोष महास्थविर

नेपाली बृहत् शब्द कोशअनुसार धर्मको अर्थ धेरै छन् । मूर्तिपूजा, सदाचार, असल आचरण आदि । यहाँ चर्चा गर्न लागेको बुद्धको शिक्षाअनुसार अर्थात् बुद्धले दिनुभएको उपदेशअनुसार मानिस असल बन्नुपर्ने, काम र परस्पर हुनुपर्ने कर्तव्यपालन हो । अर्को भाषामा भन्ने हो भने मानिसले अरूलाई दुःख हुने काम नगर्नु धर्म हो । अरूको मन दुख्ने भूठो कुरा, चुक्लि, फोहर बोलि नगर्नु धर्म हो । धर्मचक्र प्रवर्त्तन सूत्रअनुसार बहुजन हिताय, बहुजन सुखाय हुने काम, कुरो गर्नु धर्म हो । यहाँ स्मरणीय कुरा बुद्धले सर्वजन हिताय भन्नु भएको छैन ।

सूत्रपिटकअन्तर्गत सिलोवाद-सुत्तअनुसार परस्पर कर्तव्य पालन गर्नु नै धर्म देखिन्छ । त्यस सूत्रमा आमाबुबाले आफ्नो छोराछेरीको पालनपोषन गर्नु अर्थात् छोरा छोरीहरू स्वयंले आफ्नो खुट्टामा उभिनसक्ने शिक्षा दिनु । अर्को भाषामा भन्ने हो भने आत्मनिर्भर हुनसक्ने व्यवस्था गर्नु । त्यस्तै छोराछोरीहरूले आमा बुबाको गुणानुस्मरण गरेर सेवा गर्नु । बुद्धले भन्नुभएको थियो- मातापिता महाब्रह्मा हुन्, पूर्वाचार्य पनि हुन् । त्यसैले सम्फी सेवा टहल गर्नु छोराछोरीहरूको कर्तव्य धर्म हो । त्यसरी नै साथी-साथीबीच परस्पर कर्तव्य पालन गर्नु पर्ने मतलब साथीको खराब आचरणलाई सुधार्न असल कुरा भन्नु, केही आपत परेको छ भने आफ्नो शक्तिअनुसार मद्दत र सहयोग गरिदिनु धर्म र कर्तव्य हो । यति मात्र होइन गुरुशिष्यबीच पनि परस्पर सम्मान गर्नुपर्ने कर्तव्य पालन गर्नु पर्ने धर्म हो । गुरुले आफ्नो चेलाहरूको चरित्र सुधार हुने राम्रो शिक्षा दिने, अनुशासित बनाउने, जसले गर्दा शिष्यको जीवन असल बन्न सकोस् । शिष्यले पनि गुरुको सेवा गर्नु, कर्तव्य पालन गर्नुपर्ने धर्म हो । मेरा चेलाहरू पनि धेरै छन् । तिनीहरू मध्ये कोही गर्नुपर्ने केही छ कि, स्वास्थ्य कस्तो छ भनी सोध्न आउँछन् र कोठा सफा गरेर जान्छन् । कोही हरेक महिना आएर गुरुपूजा गर्न आउँछन् । खाद्य सामान र दक्षिणा दिएर जान्छन् । यसले गर्दा आत्मीयता र गौरवको महशूस हुन्छ । प्रसङ्गवश एक जना शिष्य छ कोण्डन्य, जसले म बिरामी हुँदा आशातीत अलसी नभई अस्पतालमा चौबिसै घण्टा बसेर सेवा गरेको गुण बिर्सन सक्दिनं । अरू अरू शिष्यहरूले पनि बिरामी हुँदा हेरचाह गर्न आएकाले रोग नै निको भएको महशूस हुन्छ । यो पनि धर्म नै हो ।

हालसालै मेरा साथी कुमार काश्यप बिरामी हुँदा अस्पतालमा औषधोपचार गरिरहनुभएको बेला उनै शिष्य कोण्डन्यले आशातीत उहाँको सेवा गर्नुभयो । त्यसपछि अहिलेसम्म आफ्नै विहार, बुद्ध विहारमा राखेर सेवा गरिरहनुभयो, फलस्वरूप हाल उहाँको स्वास्थ्य राम्रो भइरहेको छ । यो उदाहरणीय धर्म र कर्तव्य हो । म बिरामी हुँदाखेरि पनि महिनौं बुद्ध विहारमैं राखी उनै शिष्य कोण्डन्यले सेवा गरेको बिर्सेको छैन । उनलाई निरोगी होस् भनी शुकामनासहित आशीर्वाद दिन चाहन्छु ।

सिगालोवाद-सूत्रअनुसार पत्नीपतिबीच पनि परस्पर कर्तव्य पालन गर्नुपर्ने कुरा बुझिन्छ । श्रीमतीले श्रीमानले कमाएर ल्याएको धन सम्पत्ति रक्षा गरेर त्यसलाई सदुपयोग गर्न सक्नुपर्छ । त्यस्तै श्रीमान्ले श्रीमतीलाई समयसमयमा लुगा फाटोको साथै यथाशक्ति


यस अङ्क



आनन्दभूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com
anandakutivihar@ntc.net.np

गताङ्कमा



गहना पनि दिनुपर्छ । बुद्ध भन्नुहुन्छ- श्रीमान् विश्वास पात्र बन्नुपर्छ र आफ्नो स्वास्नीको अगाडि अरू आइमाईको प्रशंसा गर्नु हुँदैन । जसले गर्दा ईर्ष्या उठ्न सक्छ ।

त्यस सूत्रअनुसार मालिक र कर्मचारीबीच पनि परस्पर कर्तव्य पालन हुनु आवश्कय छ । जस्तै- कर्मचारीले अल्सी नभई इमान्दारीसाथ ठीक समयमा काम पूरा गर्नु पर्छ । त्यस्तै मालिकले उसको शक्तिअनुसार काम गराउनु पर्छ । समयसमयमा छुट्टी दिनु पर्छ । बिरामी हुँदा औषधोपचार गरिदिनु पर्छ । पारिश्रमिक उचित समयअनुसार दिनु पर्छ नै ।

यसरी नै शिक्षक, सरकारी कर्मचारी तथा ( वैद्य) डाक्टरहरूले कर्तव्य पालन गर्नु पर्ने देखिन्छ र बिरामीहरू पनि अनुशासित हुनु आवश्यक देखिन्छ । यी कुराहरू सही धर्मको कुरा हो । राजनीतिज्ञहरूबाट त झनै कर्तव्य पालन गरेर देश सेवा गर्नुपर्ने हो । प्रसङ्गवश यहाँ उल्लेख गर्नु उचित ठान्दछु- डा. थीरमान शाक्य एक कर्तव्य परायन निस्वार्थी डाक्टर हुनुहुन्थ्यो । उहाँलाई अस्पतालमा धर्मात्मा डाक्टर भनी गिज्याउँछन् भन्ने सुनें । उहाँ अहिले बित्नुभयो । अरु अरु डाक्टरहरू पनि कर्तव्यपरायन नभएका होइनन् । धर्मको महत्व भन्नु नै कर्तव्यअनुसार हुन्छ ।

हामीलाई विशेषरूपमा परिवारबीच परस्पर कर्तव्य पालन गर्ने चलनचल्ती हो । चित्त शुद्ध गर्नु पनि अति आवश्यक देखिन्छ, मतलब चित्त संकुचित संकीर्ण विचार हुनु हुँदैन । चित्त शुद्ध हुनु पनि एउटा मुख्य धर्मको लक्षण हो । मिलनसार हुनु, सहनशील हुनु, अट्टेरी र जिद्दि स्वभाव नहुनु पनि धर्म नै हो ।

आजभोलि यज्ञको आयोजना गरेर त्यसबाट उठेको चन्दा रकमबाट कलेज, वृद्धाश्रम, स्वास्थ्य सेवा केन्द्र बनाउने चर्चा सुनिन्छ । यो पनि धर्म नै हो । सधैं सजग, सचेत र होशियारी भइरहनु यो पनि बुद्धको शिक्षाअनुसार उचित धर्म नै हो । ♦♦

# भन्तेप्रति

- राज शाक्य, लपु

गृहस्थ जीवन तिलांजली गरी
वीत-राग पथको पथिक बनी
बुद्ध धर्म संघको शरणागत भई
दुःख मोक्षको शुभलक्ष लिई ।।१।।
हिंड्ने दमन गरी वासना कामना
भन्ते गर्दछु म, हजुरलाई वन्दना ।

पञ्चकाम मारबाट सुरक्षित हुनलाई
आर्यअष्टांगिक मार्ग कवच ओढी
शील समाधि प्रज्ञा संवृद्धि गरी
सत्य अहिंसाको गुण बखान गरी ।।२।।
हिंड्ने लिएर लोकहित भावना
भन्ते गर्दछु म, हजुरलाई वन्दना ।

लोभ क्रोध आसक्ति दमन गरी
भिक्षाटनमा जीवन सन्तोष गरी
बहुजन हिताय बहुजन सुखायको निम्ति
गाउँ गाउँ शहर शहर भ्रमण गरी ।।३।।
हिंड्ने गरिकन बुद्धोपदेश देशना
भन्ते गर्दछु म, हजुरलाई वन्दना ।

विपश्यनाको ध्यानरश्मि फैलाई
जन्म मरणको दुःख चक्र तोडी
अनन्त सुखको मार्ग देखाउन
सद्धर्मको जलधारा बगाई ।।४।।
हिंड्ने जगाउन जनजनको चेतना
भन्ते गर्दछु म, हजुरलाई वन्दना । ♦♦

# सतिपट्ठान सुत्तको प्रायोगिक पक्ष



✍ सत्यनारायण गोयन्का

सफल विपश्यी साधकले विपश्यना गरेर चार सूक्ष्मताको अन्तिम सत्यलाई साक्षात्कार गर्दछ । चार परम सत्यको स्वयं साक्षात्कार गरेर धन्य बन्दछ ।

सबभन्दा पहिलो सूक्ष्मता शरीरको हो । कायानुपश्यना गर्दै साधकले सुरुमा शरीरको स्थूलपना, ठोसपनाको अनुभव गर्दछ । पटक-पटकको अभ्यासले स्थूल शरीरमा सूक्ष्मता अनुभव गर्दछ । तीक्ष्ण चित्तले टाउकोदेखि पैतालासम्म र पैतालादेखि टाउकोसम्म यात्रा गर्दागर्दै स्वतः शरीरको सघनता नष्ट हुँदै जान्छ । फेरि यसै तीक्ष्ण चित्तले सम्पूर्ण शरीरको माथिल्लो सतहमा र भित्र-भित्र हेर्दै संघनता नष्ट गर्दछ । रूप कलाप अर्थात् शरीरको परमाणुको सूक्ष्म सत्यसम्म पुग्दछ, जुन यस भौतिक जगतको अनितम सत्य हो । शरीरको एक-एक कण खुल्दछ । कहीं-कतै संकलन, संघटन, संयोजन बाँकी रहँदैन । जस्तो भिजेको बालुवा सुक्दा एक-एक कण एक आपसमा नटाँसिकन छुट्टिन्छ, त्यसलाई जोडिराख्ने पानीको भाग खतम भई सघनता बिखेरिन्छ । त्यस्तै शरीरको बाहिर-भित्र कतै पनि कुनै स्थिर, शाश्वत, ध्रुव, अचल, ठोस छ भन्ने भ्रम हट्दछ । यही नै रूप स्कन्धको अर्थात् यस भौतिकरूपकायाको अन्तिम सत्यसम्म पुग्नु भनेको हो । यही नै रूपको साक्षात्कार गर्नु हो । जसमा भासमान प्रकट सत्य परमसत्यको रूपमा अनुभव गरेको हो ।

दोस्रो सूक्ष्मता वेदना-स्कन्धको हो । विपश्वी साधकले वेदनानुपश्यना गर्दा थाहापाउँदछ कि सुरु सुरुमा सारा शरीरमा प्राय स्थूल स्थूल संवेदना महसूस हुन्छ । जस्तो कहिं जोडले दुखेको, थिचेको, तानिएको, गुम्सिएको, गऱ्हौं, निदाएको, अर्धमूर्छा आदि-आदि संवेदना महसूस हुन थाल्दछ । परन्तु शान्त र समतापूर्ण चित्तले यी स्थूल संवेदनाहरूलाई हेर्दा हेर्दै यस्को टुक्रा-टुक्रा हुन थाल्दछ । विस्तारै विस्तारै भित्र-बाहिर सबैतिर स्थूल संवेदनाहरू क्षीण हुँदै जान्छ । त्यसको विघटन हुँदै हुँदै एक अवस्थामा यस्तो आउँछ जब सारा शरीरमा कहीं कतै पनि मूर्छा वा अर्धमूर्छा रहँदैन । कहीं कतै पनि सघन संवेदना रहँदैन । सबैतिर तरंग नै तरंग, उदय ब्यय नै उदय ब्यय अनुभव हुन थाल्छ । अनासक्त भावले यसको दर्शन गर्दा गर्दा संवेदनाको यो उदय-ब्ययको अनुभव अधिक सूक्ष्मतातिर हुँदै हुँदै सूक्ष्मतम अवस्थासम्म पुग्दछ । तब उदय र ब्ययको अलग अलग अनुभव पनि बन्द हुन्छ । उदय हुनेबित्तिकै ब्यय हुन्छ । बीचको स्थिति रहँदैन । चित्तको यी परमाणुसँग स्पर्श हुने बित्तिकै वेदना उत्पन्न हुन्छ, यो सूक्ष्मतम सत्य हो, वेदना उत्पन्न हुने बित्तिकै ब्यय हुन्छ । यस अवस्थामा यी सारा घटना यति छिटो छिटो हुन्छ कि यो एउटा प्रवाह चलिरहेको झैं लाग्दछ, सारा शरीरमा भंग नै भंगको बोध हुन्छ । जस्तो नदी बग्दा बग्दा त्यसले किनारलाई काट्दछ र एक अवस्थामा किनारको बालुवा अनायास भट्किन्छ । कणकण बिखेरिन्छ । यसरी नै सारा शरीरमा जुन संवेदना महसूस हुन्छ त्यो अत्यन्त तीब्रगतिले भंग हुँदै, बिखेरिँदै गएको महसूस हुन्छ । कहीं ठोसपना या स्थूलपना रहँदैन । कहीं रोकिएको हुँदैन, कहीं छेकिएको हुँदैन, कहीं वाधाहरू हुँदैन । सबैतिर धाराप्रवाहको अनुभव हुन्छ । यही भंगको बोध हुनु नै संवेदनाको सूक्ष्मतम अवस्थाको साक्षात्कार हुनु हो । जसले संवेदनालाई सामिष बन्न दिँदैन अर्थात् त्यसको प्रति राग-द्वेष उत्पन्न हुन दिँदैन, संवेदनालाई निरामिष बनाई राख्छ अर्थात् त्यस सूक्ष्म संवेदनाप्रति अनासक्तभाव पुष्ट गरिराख्छ ।

यस्तै प्रकारले विपश्यी साधक चित्तानुपश्यना गर्दछ । चित्तको त्यस खण्डको क्रियालाई हेर्दछ । जसलाई संज्ञा भनिन्छ, जसको काम मूल्यांकन गर्नु हो । पहिलाको अनुभव, पहिलाको सम्झना, पहिलाको संस्कारको रंगीन चश्मा लगाएर हेरियो भने यस संज्ञा स्कन्धले प्रत्येक अनुभवलाई राम्रो र नराम्रो, मन पर्ने, मन नपर्ने सुखद् अथवा दुःखद् आदि आदि मूल्यांकन गरिरहन्छ । साधकले थाहापाउँदछ कि यो संज्ञा-स्कन्ध कति प्रबल छ । प्रत्येक अनुवभ राम्रो या नराम्रो मूल्यांकनसँग जोडिरहेको हुन्छ । जुन अनुभवलाई राम्रो मानेको हो त्यसलाई कति बेरसम्म राम्रो ठानिरहन्छ । त्यस्तै जुन अनुभवलाई नराम्रो मानिएको हो त्यसलाई कति बेरसम्म नराम्रो ठानिरहन्छ । यसको भाव छुट्दै छुट्दैन । संज्ञाको निरन्तरता बनिरहन्छ । फरस्वरूप

संज्ञा-स्कन्ध घनीभूत हुँदै जान्छ । विपश्यनाको अभ्यासले तटस्थ भावले हेर्दै हेर्दै थाहापाउँदछ कि घनीभूत संज्ञाको कारण प्रतिक्रिया गरेर यो चित्तले राग-द्वेषको नयाँ संस्कार कसरी बनाउँदछ र चित्त कसरी दूषित हुन्छ । जब संज्ञाको निरन्तरता छुट्छ तब सघनता दुर्बल हुँदै जान्छ । स्थूलबाट सूक्ष्म हुँदै संज्ञाको बल कम हुँदै प्रतिक्रियाको प्रभाव पनि स्वतः कम हुँदै जान्छ ।

यस्तै प्रकारले साधक चित्तानुपश्यनाको साथ साथै धर्मानुपश्यना पनि गर्न थाल्दछ । रूपकलाप अर्थात् परमाणुहरूका धर्म स्वभावलाई पनि हेर्दछ । वेदनाको स्वभावलाई हेर्दछ । संज्ञा र त्यसको परिणामस्वरूप उत्पन्न भइरहेको संस्कारको धर्म स्वभावलाई पनि थाहापाउँदछ । शरीरमा उत्पन्न हुने कुनै एउटा संवेदनाको अनुभवलाई संज्ञाले जब राम्रो, मनपर्ने वा सुखद् भनेर ठान्दछ तब तुरून्त रागात्मक संस्कार बन्न थाल्छ र घनीभूत हुन थाल्छ । जब त्यस संवेदनालाई नराम्रो, दुःखद्, मन नपर्ने भनेर ठान्दछ तब द्वेषात्मक संस्कार आउँदछ र घनीभूत हुनथाल्छ । यस घनीभूत संस्कारको तुफान नै भावावेश बनेर समस्त चित्तस्कन्धमा छाउँछ । चित्तधारालाई ब्याकुल र ब्यथित बनाउँदछ । साधक विपश्यनाको आधारमा थाहा पाउँदछ कि यी संस्कार कति दुःखद्पूर्ण छ । विपश्यना द्वारा यस्तो दुःखद् हुनुको कारण पनि बुझ्न थाल्छ । यी संस्कारप्रति कस्तो सम्बन्ध गाँसिएको छ- आत्मभाव, आत्मीय भाव 'म' को भाव, 'मेरो' भन्ने भाव । यही आसक्ति बनाई राख्छौं । फलस्वरूप दुःख उत्पन्न हुन्छ । विपश्यी साधकले हेर्दै हेर्दै थाहा पाउँदछ कि यो 'आत्म-आत्मीय' भाव; 'म-मेरो' भाव यो रूप-स्कन्ध अथवा यो शरीर स्कन्धको प्रति अर्थात् यो परमाणुको पूंजको प्रति कति गहिरो छ । त्यो आसक्ति जति गहिरो छ दुःख पनि त्यति नै गहिरो छ । विपश्यना गर्दा थाहापाउँदछ कि जुन प्रकारले रूप-स्कन्ध अर्थात् यो परमाणुको पूंज उदय-ब्यय स्वभावको छ, अनित्य धर्म भएको छ, त्यस्तै नै यो वेदना पनि अनित्य धर्म भएको हो, संज्ञा पनि अनित्य धर्म भएको हो र संस्कार पनि अनित्य धर्म भएको हो । यो अनित्य बोध जति सबल हुँदै जान्छ, संस्कारको प्रति 'म-मेरो' भन्ने भाव त्यति त्यति नै दुर्बल हुँदै जान्छ, आत्मभाव दुर्बल हुँदै जान्छ र अनात्मभाव स्वतः पुष्ट हुँदै आउँछ । हेर्दा हेर्दै आसक्ति क्षीण हुँदै जान्छ । अनासक्ति पुष्ट हुँदै आउँछ । दुःखको कारण टाढा हुँदै जान्छ । दुःख टाढिँदै जान्छ ।

अनात्मभाव पुष्ट भएमा नै संज्ञाको घनत्व क्षीण हुन्छ । संस्कारको घनत्व क्षीण हुन्छ । दर्शन "केवल दर्शन" हुन्छ । ज्ञान 'केवल ज्ञान' हुन्छ । "मैले थाहापाइरहेछु" भन्ने भावको बदलामा "थाहापाइरहेछ" भन्ने भाव आउँछ । "मैले हेरिरहेछुँ" भन्ने भावको बदलामा 'हेरिरहेछ' भन्ने भाव आउँछ । दर्शक, दर्शन र दृष्य तीनै वटा एउटै भएर "केवल दर्शन" मात्र हुन्छ । ज्ञाता, ज्ञान र ज्ञेय तीनै वटा एउटै भएर "केवल ज्ञान" मात्र रहन्छ । यही नै सम्यक् दर्शन, सम्यक् ज्ञानको चरम अवस्था हो । यस्तो अवस्थामा नै संज्ञा निरोध हुन्छ । साधक अध्यात्मको गहनतम अवस्था प्राप्त गर्दछ । केवल ज्ञान, केवल दर्शनबाट "कैवल्य" को उपलब्धि हुन्छ । इन्द्रियातीत परमपद निर्वाणमा उन्मुक्त हुन्छ । तब ऊ आफैले थाहा पाउँदछ कि अब मेरो पुनर्जन्म हुनेछैन किनकि त्यस अवस्थामा पुगेपछि पुनर्जन्म हुने सारा संस्कार क्षय हुन्छ । मनुष्य जीवन सफल सार्थक हुन्छ । संस्कार र संज्ञाको उदय-व्ययको अनुभवदेखि लिएर निरोधसम्मको यो यात्रा नै यी दुईको चरम सूक्ष्मतम अवस्था हो । विपश्यी साधक यसरी रूप, वेदना, संज्ञा र संस्कार-स्कंन्धका ती सूक्ष्मतम परम सत्यको अवसथको साक्षात्कार गर्दछ, यस भन्दा अगाडि यी स्कन्धहरूका क्षेत्रमा अन्य कुनै सूक्ष्मतर बाँकी रहँदैन । त्यसपछि यसभन्दा अगाडिको परमसत्य निर्वाणको साक्षात्कार गर्दछ जुन इन्द्रियातीत छ, नाम-रूपातीत छ । साधक आफ्नो स्वअनुभवले थाहा पाउँदछ कि स्थूल सत्यलाई छिन्न भिन्न गरेर सूक्ष्म सत्यसम्म पुग्ने यही एउटा साधना विधि हो । यसभन्दा ठूलो अन्य कुनै मार्ग छैन । अतः उसले यस मार्गबाहेक अन्य मार्ग पाउने अपेक्षा गर्दैन ।

अन्तर्मुखी भएर विपश्यना साधनाद्वारा स्थूलदेखि सूक्ष्मतातिर यात्रा गर्ने साधकका लागि मार्गमा अनेक कठिनाईहरू उत्पन्न हुन्छन् । भौतिक रूप र चित्तको घनत्व नष्ट भएर सूक्ष्म प्रवाहको स्थिति बार बार प्राप्त भएतापनि कुनै भित्र गाडिएको सुषुप्त कर्म-संस्कार फेरि उप्केर आउँदछ र शरीर स्कन्धमा फेरि त्यस संस्कार अनुरूप कुनै स्थूल धनीभूत संवेदना प्रकट हुन्छ भने कहिले मुर्च्छा-अर्धमूर्च्छा प्रकट हुन्छ । साधकले धैर्यपूर्वक त्यसलाई स्थूल संवेदना झैं साक्षीभावले हेरेमा त्यो पनि ढिलो या चाँडो अवश्य नष्ट हुन्छ । यस प्रकार पूर्वसंस्कार नष्ट

हुन्छ, त्यसको क्षय हुन्छ । फेरि सूक्ष्म धाराप्रवाहको अनुभूति हुनथाल्छ । यसरी जबसम्म अधोगतितिर लैजाने सुषुप्त कर्म-संस्कारको संग्रह पूर्णतया समाप्त हुँदैन तबसम्म बीच-बीचमा स्थूलता उप्केर आउँछ । समझदार साधकले यी पूर्वसंस्कारजन्य संवेदनाप्रति उपेक्षाको अभ्यास गर्दछ । यो संस्कार-उपेक्षाको यात्रा कसैको लागि लामो र कसैको लागि छोटो पनि हुनसक्छ । पूर्वसंग्रह कति छ त्यो यसमा निर्भर हुन्छ । अथवा साधकले संस्कार उपेक्षाको काम कति समझदारीपूर्वक गरेको छ त्यसमा निर्भर गर्दछ ।

यस्तो अवस्थामा कोही कच्चा साधकले राजमार्गलाई छोडेर कुनै गलत मार्गमा लागी बाटो बिराउँदछ । पूर्वसंस्कारजन्य स्थूल भासमान सत्य प्रकट हुनसक्छ, त्यो उसले गरेर हुने कुरा होइन त्यसलाई त साक्षीभावले सामना गर्नुपर्छ । परन्तु जब साधक आफ्नो पागल पनमा कुनै काल्पनिक रूप, रंग, शब्द आदिको बनावटी आलम्बन बनाएर त्यसमा ध्यान दिन थाल्यो भने एउटा भासमान सत्यलाई छाडेर अर्को बनावटी भासमान सत्यको भूमरीमा पर्न थाल्छ । सूक्ष्मतातर्फ लाने मार्ग बन्द हुन्छ । राजमार्ग छुट्दछ । कुनै अँध्यारो गल्लीमा रोक्न पुग्दछ । मुक्ति टाढा हुन्छ । साधक समझदार छ भने यस धोकाबाट आफूलाई बचाउँदछ ।

यस साढे तीन हातको शरीरभित्र समझदारीपूर्वक स्थूल सत्यबाट सूक्ष्म सत्यतर्फ र त्यसबाट सूक्ष्मतम सत्यसम्म पुग्नु सबैका लागि अत्यन्त कल्याणकारी छ । साधक विपश्यनाको निरन्तर अभ्यास गरेर सूक्ष्मबाट सूक्ष्मतर र सूक्ष्मतरबाट सूक्ष्मतमतर्फ अगाडि बढ्नु पर्दछ । कुनै दुविधामा नपरून् यस प्रकार सही अर्थमा आफ्नो मंगलकल्याण गरौं । स्वस्ति-मुक्ति गरौं । ♦♦

(श्रोतः महासतिपरूानसुत्त, वि.वि.वि.)

दर्ता नं. २०४६/०६५-०६६

एक होइन सबै सबल बनौं ।

सबै पापबाट मुक्तहुनु, कुशल धर्म सेवन गर्नु, चित्तलाई विकाररहित तुल्याउनु यही नै बुद्धहरूको शिक्षा हो । - धम्मपद

मुद्दती वचतमा
१३ प्रतिशत व्याज

दैनिक वचतमा
६.५ प्रतिशत व्याज

बलम्बु च्याउ सहकारी संस्था लि.
बलम्बु , काठमाण्डौ
बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेलः bmc_coperative@yahoo.com

# सम्प्रदाय निरपेक्ष भाविताद्वारा दुःखमुक्ति



✍ लोकबहादुर शाक्य

चतुरार्य सत्यअनुसार दुःख सत्य हो । जीवनमा कुनै पनि प्रकारको दुःख, अशान्ति, वेचैन आदि भइरहन्छ । मानिसहरूले दुःखबाट मुक्त हुन कोशिस गरिरहन्छन् । यस प्रयासको क्रममा आमोद-प्रमोदतिर लागेर चलचित्र, टेलिभिजन हेर्ने मात्र पनि रहेछन् । तर विचार गर्नुपर्ने कुरो के छ भने यस प्रकारको प्रयत्नबाट दुःख निर्मूल नभै अझ व्याकुल हुनसक्छ । मनले चिताएको वातावरण उत्पन्न गर्नको निम्ति देवस्थल, विहार, मस्जिद, गिर्जाघर, गुरुद्वारमा गएर श्रद्धा भक्ति अर्पण गरिरहन्छन् । तर दुःखको सही कारण भेट्टाउन सकिरहेको हुँदैन । दुःख कसरी उत्पन्न हुन्छ भन्नेतर्फ दृष्टि दिंदा मान-प्रतिष्ठामा आघात, झै-झगडा, मनपर्ने आफूसँग नहुने अनि मन नपर्नेसँग बस्नुपर्ने बाध्यता आदि कारण हुनसक्छ । कसैलाई धन नभएर दुःख हुनसक्छ भने कसैलाई धनसम्पत्ति संरक्षण गरिराख्न पनि पीर हुँदोरहेछ । दुःखको कारण यथार्थ रूपले बोध गर्न नसकेसम्म दुःख निवारण गर्न नसक्ने हुन्छ ।

**"बुद्धो भवेयम् जगतो हिताय"** जगतका प्राणीहरूको कल्याण गर्ने मनसायले सिद्धार्थ कुमार बुद्ध हुनुभएको हो । यहाँ चिन्तन मनन गर्नुपर्ने तथ्य के छ भने बुद्धले पनि जादूअनुसार सर्वसत्वको उद्धार गर्न सकेको होइन । तथागतलाई भजेर पनि दुःख निवारण हुने होइन । बुद्धले देशना गर्नुभएको महावाणीलाई आफ्नो चित्त र कर्मद्वारा आचरण गर्न सकेभने निश्चय पनि दुःखबाट मुक्त हुन सक्छ । त्यसैले दुःख मुक्त हुने कुरा आफैमा नै निर्भर भइरहेको हुन्छ । बुद्धले मानवलाई महाकरूणा राखेर प्रदान गर्नुभएको उपदेश देशना पद्धति नै विपश्यना हो । आफूले आफैलाई चिनेर धर्मको अनुभव गर्ने, सत्यतापूर्वक अन्तरदृष्टिद्वारा आफ्नै अनुभूतिबाट दुःखको सही कारण खोजेर पत्तालगाउनु नै सही तरिका हो ।

हिन्दू, बौद्ध, मुस्लिम, क्रिश्चियन, जैन आदि सम्प्रदाय स्थापना गर्नु मात्र यथार्थ धर्म होइन । धर्मको सारतत्व अनुभव गरेर कुशल कर्म गरी राग, द्वेष, मोह नहुने पार्न सके मात्र धर्म हुन्छ । धर्मको स्वभाव बुझ्नको निम्ति ध्यान चर्या गरी अग्रसर हुनु नै यथार्थ धर्म हो । धारयति इति धर्म अथवा जसले जुन स्वभाव धारण गर्दछ, त्यही धर्म हो । आगोको धर्म जल्नु र जलाउनु हो । आगोबाट धर्म, जात, वर्ग कसैलाई फरक पार्दैन । ठूला साना जसले पनि आगो छोए हातमा पोल्छ । पक्षपात नगर्ने उसको धर्म हो । यस्तै तरिकाले कुदरत (प्राकृतिक नियम) मा पनि समानता भइरहन्छ । विश्वको विधिविधानमा समानताको आधार भए पनि राज्य सञ्चालन कर्ताहरूको अदूरदर्शिताद्वारा भेदभावको दृष्टि हुँदो रहेछ । धर्मको सही व्यवहार समझदारीमा निर्भर भइरहन्छ । धर्मसमन्वयको दृष्टिकोण विश्वशान्तिको लागि सघाउ हुन्छ । आ-आफ्नो धर्मको डम्फु बजाएर सार्थक हुँदैन । सबै प्राणीको जन्ममरणको स्वभावमा धर्मको कुनै भेद हुँदैन । सबै मानव जीवनको निमित्त भौतिक विकासको साथै आध्यात्मिक विकास नभै हुँदैन । आध्यात्मिक विकासको क्रममा आफ्नो चित्तवृत्तिको स्वभाव कस्तो भइरहेको छ त्यसको यथार्थ ज्ञान अनिवार्य भयो ।

क्रोध दुर्भावनामा मात्र अभ्यस्त भयो भने त्यसको स्वभाव कस्तो हुन्छ भनी चिन्तन गर्नु पर्दछ । रीसको स्वभाव जल्नु जलाउनु रहेछ । यस्तै प्रकारले अहंकार, वासना, व्याकुलता आदि विकारको स्वभावधर्म आगो समान हुन्छ । अतः दुःख निवारणको लागि गतिशील पाइला भनेको चित्तलाई विकारबाट निर्मुल पार्नु हो । कोरा धर्म भावनाले मात्र मन शुद्ध हुँदैन । आफू आफूमा हुने प्रीतिमय वातावरणमा निर्मल तरङ्ग उत्पन्न हुने श्रोत हुन्छ । ती श्रोत हो मैत्री, करूणा, मुदिता, उपेक्षा । यस भावना चित्तमा कसरत गरी सो अनुसार आचरण गऱ्यो कि स्वभाव स्वच्छ भएर प्रसन्नता तथा सुखको वातावरण सिर्जना हुन्छ । क्रोधबाट वेचैन हुन्छ भने चुतुर्ब्रह्म विहारद्वारा शान्ति हुने भयो । शान्ति वातावरण सिर्जना गर्ने करूणा धर्मको स्वभाव हो । कुशल धर्म, अकुशल धर्म चित्तको वृत्ति हो । सच्चा व्यक्ति आर्य भयो भने अनर्थ गर्नेलाई अनार्य भनिन्छ ।

सबै धर्मको अनुभूति अन्तरदृष्टिले देख्न सकिन्छ । धर्मलाई अनुभवद्वारा बोध गर्नु अनिवार्य मान्नु तथा बोध गर्नु आकाश पाताल फरक छ । धर्मलाई चित्तद्वारा बुझ्नसके यावत कुरो बोध हुने भयो । अनि आफ्नो भित्री मनसायको सत्यता प्रकट हुनेभयो ।

**विशेष रूपले हेर्नु विपश्यना** : तटस्थ भाव अनुभवद्वारा प्रकट हुने दर्शन हो । जस्तो छ उस्तै बोध हुने सम्यक् विमुक्ति हो । तटस्थ भावनाबाट समानताको दृष्टिकोण अपनाउन सक्ने भयो, सत्यको अनुसन्धान गर्दागर्दै भौतिक शरीरको सूक्ष्मतम शक्ति बुझ्न सकिन्छ । यी तथ्यहरू इन्द्रियको माध्यमबाट चिन्तन मनन गरेर सम्झनु पर्ने भयो । जीवन परिवर्तन भयो भने स्वभाव पनि बदल्ने भयो । सबै धर्मको साक्षात्कार हुन्छ । त्यसैले धर्म अनुकूल जीवन परिवर्तन गर्नुपर्‍यो । संविधान समानतामूलक भयो भने सुशासन सञ्चालन हुन्छ । यसबाट पक्षपात हुँदैन तर राज्यको पदाधिकारीहरूले असमान व्यवहार गर्न सक्छन् । विकारलाई एकातिर पन्छाएर चित्तलाई निर्मल गर्नसके शान्तिको पुरस्कार प्राप्त हुन्छ । विपश्यनाको चर्या गर्दा गर्दै स्वभाव बदलेर जन्म-जन्मको विकार शुद्ध गर्न सक्ने हुन्छ । विकारमुक्त भयो कि दुःख पनि निवारण हुने भयो । भेष बदलेर होइन, स्वभाव परिवर्तन गरेर मात्र दुःखबाट मुक्त हुन सकिन्छ । आनापानाको कसरतद्वारा श्वास बाहिर जाने वा भित्र आउने जस्तो छ उस्तै सत्य कुरो बुझ्न सकिने यथाभूत दर्शन हो । केवल बोध गर्ने अथवा स्मृति सम्प्रजन्यको ध्यान चर्या गर्ने मन र शरीरको रक्षक समान आफू नै सचेत भएर रेखदेख गर्नु हो ।

चित्तको क्रियाकलाप प्रिय अप्रिय कस्तो छ । हरबखत सम्झेर सतर्क भएर रहनु पर्दछ । राग, द्वेषका भावना उत्पन्न भयो कि यसबाट मनोविकार हुनसक्ने दृष्टि राखेर आफ्नो चित्तलाई आफैले सत्मार्गतर्फ पठाउने बानी बसाल्नु पर्दछ । शरीरभरी क्षणक्षणमा बदलिएरहने तरङ्गरूपी प्रज्वलनको स्मृति थाहा पाउन सक्यो भने उदय-व्ययरूपी अनित्यको सिद्धान्त बोध हुने भयो । अनित्य स्वभाव सम्झन सक्ने भयो कि सत्य धर्मको दर्शन बोध गर्न सक्षम हुने भयो । लागु पदार्थको आदत (नसा) रासायनिक उपचारद्वारा समाधान गर्न सकिन्छ भने मनको विकार त्यसबाट निकोपार्न सक्दैन । प्रवचन अथवा धर्मदेशना सुन्ने वित्तिकै निको हुने होइन । त्यसबाट ज्ञान लिन प्रेरणा मिल्दछ । विपश्यना कसरत गर्दै अनुभव गर्दागर्दै सही बाटो पत्ता लगाउन सकिन्छ । यस सद्धर्म कार्य पशुपन्छीबाट होइन, प्राणी मध्येमा सर्वश्रेष्ठ कहलिइएका मानिसहरूले मात्र विवेक-बुद्धि प्रयोग गरेर अनुभव गरी दुःखबाट मुक्त हुन सक्ने भयो । सम्प्रदाय निरपेक्षको सिलसिलामा **"बुद्धधर्म धर्म होइन, हिन्दूधर्म धर्म होइन, क्रिश्चियन-धर्म धर्म होइन, मुसलिम-धर्म धर्म होइन, धर्म धर्म हो"** भन्ने आदरणीय आचार्य गोयन्काज्यूको उक्ति अति नै महत्वपूर्ण छ । यसको उद्देश्य भनेको एक मात्र धर्ममा आसक्त भई अरू धर्मलाई समान देख्न नसके साम्प्रदायिक भावना हुनसक्छ । सबै धर्मको लक्ष्य भनेको कुशलमङ्गल सेवा कार्य गर्ने, मैत्री, करूणा उपेक्षा (समानता) भावना जगाउनु हो, त्यसैले ध्यानद्वारा दुःखबाट मुक्ति हुनको निम्ति माथिको देशना बोध गरेर व्यवहारमा उत्रनु अनिवार्य छ । ♦♦

(कल्याणमित्र सत्यनारायण गोयन्काज्यूले २०४९।६।२४ का दिन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान भवनमा दिनुभएको प्रवचनको आधारमा)


**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

# चीनमा बुद्धको अस्थिधातु संरक्षण



✍ केशरी वज्राचार्य

भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको २५५४ वर्ष भइसकेको छ । बुद्धको शील, समाधि र प्रज्ञाको अध्ययन तथा जीवनमा अनुशरण गर्नेहरू पनि दिनदिनै बढिरहेका छन् । करूणा र शान्ति सन्देशको महत्व झन्झन् बढेको अनुभव हुँदैछ । विगतदेखि संसारका थुप्रै देशहरू चीन, जापान, थाइल्याण्ड, म्यानमाः, भियतनाम, कम्बोडिया, मंगोलिया, नेपाल, श्रीलंका आदि देशमा सुनको मसीले लेखेर बुद्ध-उपदेशलाई पवित्र ग्रन्थका रूपमा पूजा सत्कार हुँदै आएझैं बुद्धका अस्थिधातुलाई पनि त्यत्तिकै महत्वकासाथ पूजा सत्कार गरिदैंआएको छ ।

चीनको राजधानी बेइजिङ्गबाट एक हजार पाँचसय किलोमिटरजति पर पर्ने च्याङ्सु प्रान्तको नान्चिङ्को छिस्या गुम्बामा हालै पुरातात्विक उत्खनन्पछि शाक्यमुनि बुद्धकोको तालुको अस्थिधातु पाइएको छ । *(आनन्दभूमि वर्ष ३८, अंक २ मा फोटोसहित प्रकाशित गरिएको छ, -सं.)* चिनियाँ बौद्ध संघका अध्यक्ष छुवान् यिनका अनुसार चाँदीको बाकसभित्र सुनको कन्तुरमा राखिएको अस्थिधातुलाई ऐतिहासक महत्वका साथ पुनःसुरक्षित राखिएको छ ।

सानो चट्टानको टुक्राजस्तो हल्का खैरो रङको अस्थिधातु मसिना कोषजस्ता छिद्राले भरिएको मौरीको चाकासँग मिल्दोजुल्दो छ । शाक्यमुनि बुद्धको त्यो अस्थिधातु ऐतिहासिक वर्णनअनुसार नै छ । नान्चिङ् नगर संग्रहलायका उपप्रमुख हुवाको रूङ् र बौद्ध संघका उपाध्यक्ष सुयु् छङ्ले पनि अस्थिधातुको ऐतिहासिकता बारे पुष्टि गरेका छन् । चीनमा इसाको पहिलो शताब्दीदेखि नै बुद्धधर्म संस्कृतिले प्रवेश पाएको थियो । विभिन्न कालखण्डमा चीनमा बुद्धधर्मको प्रभाव बारे अध्ययन गर्दा समयसमयमा यस धर्मको उत्थान र पतनको इतिहास पनि छ । तथापि बुद्धका महान उपदेशहरूले चीनमा सुरक्षित हुने अवसर पनि पाएकै छ । यसको ज्वलन्त उदाहरूण हाल पाइएका बुद्धको अस्थिधातुको सुरक्षा-संरक्षण नै हो ।

प्रथम र द्वितीय विश्वयुद्धकालमा जापानी युद्धक विमानको बमले ध्वस्त पारेको बेइजिङ्गको दन्तधातु चैत्यमा रहेको बुद्धको दन्त अस्थिधातु पुनः नजिकै अर्को चैत्य निर्माणगरी सुरक्षित राखिएको छ । त्यो दन्त अस्थिधातु राखिएको चैत्यसँगै बमले ध्वस्त पारेको चैत्यको अवशेष पनि राखिएको छ । देशभित्र तथा संसारका जुनसुकै मुलुकबाट त्यहाँ पुग्ने पर्यटकहरूलाई त्यो चैत्यको अवशेष र नयाँ चैत्य उत्तिकै महत्वका साथ देखाउने गरिएको छ । त्यो दन्त अस्थिधातु सात किसिमको हिरामोती जवाहरातहरूले सजाएर राखिएको छ । शाक्यमुनि बुद्धको जीवनकालमा नै उक्त दन्तधातु सुरक्षित राखिएको ऐतिहासिक वर्णण छ । चीनमा रहेको दन्तधातु चैत्यभन्दा श्रीलंकाको अनुराधपुरमा रहेको दन्तधातु चैत्य संसारमा निकै प्रसिद्ध छ ।

शाक्यमुनि बुद्धले बोधिज्ञान लाभ गरिसक्नुभएपछि बुद्धलाई सत्तु दान गर्ने तपस्सु र भल्लुक दुई ब्यापारी दाजुभाइले बुद्ध-उपदेश पाएर पहिलो उपासक बन्ने अवसर प्राप्तगरेपछि उनीहरूले पनि भगवान् बुद्धबाट नै आफ्नो केशधातु प्राप्त गरेका थिए । उनै दुई दाजुभाइ स्वदेश फर्केपछि चैत्य बनाई केशधातु राखेर पूजा सत्कार गर्ने गरेको र त्यो केशधातु राखिएको चैत्य हालको म्यानमाःको राजधानी याङ्गुनको स्वेदगौं चैत्य भएको पुष्टी भइसकेको छ । तपस्सु र भल्लुकले बनाएको केशधातु चैत्यबाट हरेक पूर्णिमाका अवसरमा नीलो रश्मी आउने गर्थ्यो । त्यो चैत्यको प्रतिरूप अहिले लुम्बिनीमा पनि निर्माण भएको छ ।

भगवान् बुद्धको अस्थिधातुको विशेषतालाई अध्ययन गर्दा यो चार प्रकारको छ । शारीरिक धातुचैत्य जसमा बुद्धको अस्थि राखेर बनाइएको हुन्छ । पारिभोगिक चैत्य जसमा बुद्धले परिभोग गर्नुभएको वस्तु राखेर बनाइएको हुन्छ । धर्म चैत्य जसमा धर्म चिरस्थायी गर्न बनाइएको हुन्छ । र उद्देश्य चैत्यमा विभिन्न उद्देश्यले बनाइएको कलात्मक चैत्यहरू पर्दछन् । कुशीनगरमा बुद्ध महापरिनिर्वाण हुनुभएपछि बुद्धका आफन्तहरूले अस्थिधातु पाउन निकै कसरत गर्नु परेपछि द्रोण ब्राह्मणले संसारलाई ज्ञानको

मार्ग देखाउने शान्ति महनायकको अस्थिधातु पाउन आपसमा झैझगडा गर्न उचित छैन । आपसमा बाँडेर लिनु उचित हुन्छ भनी अस्थिधातुलाई उनले आठ भाग लगाए । त्यहाँ भेला भएका आठ थरी नाता पक्षलाई आफ्नो द्रोणले नापेर दिएपछि सबैले चित्त बुझाएका थिए । यो घटना प्रसङ्गपछि आठ भागमा एक भाग अस्थिधातु पाउनेहरूमा वैशालीका लिच्छवीहरू, कपिलवस्तुका शाक्यहरू, अल्लकप्पका बुलिहरू, पावाका मल्लहरू, कोलियका शाक्यवंशहरू, कुशीनगरका मल्लहरू, पिप्फलीवनका मौर्यहरू, वेठद्विपका ब्राह्मणहरू सबैले अस्थिधातु राखेर आ-आफ्नो स्थानमा चैत्य निर्माण गरेका थिए ।

कालान्तरमा सम्राट अशोकले सात ठाउँको चैत्यबाट अस्थिधातु निकालेर चौराशी हजार स्तुपहरू बनाएर त्यसमा राखेका थिए । कोलियहरूको राजधानी देवदह नजिकै रामग्राम चैत्यमा रहेको अस्थिधातु नागहरूले सुरक्षा दिइरहेका कारण निकाल्न नसकेपछि हाल नवलपरासी जिल्लामा पर्ने रामग्राम चैत्य भूगर्भमा नै छ । जसको उत्खनन् हुनसकेको छैन । यस अतिरिक्त पनि माथि उल्लेख भएको तपस्सु र भल्लुकले केशधातु राखेर बनाएको चैत्य, अजातशत्रु राजाले राजगृह अहिलेको भारतको विहारमा पर्ने राजगिरमा बनाइएको चैत्य संसार प्रसिद्ध छ । त्यस्तै द्रोण ब्राह्मणले जुन भाँडोले अस्थिधातु नापेका थिए, त्यो भाँडा सुरक्षित राखेर पनि चैत्य बनाइएको थियो । त्यस्तै खरानी र अङ्गार राखेर पनि चैत्य बनाइएको थियो ।

भगवान् बुद्धको अस्थिधातु राखेर बनाइएका चैत्यहरूको फेहरिस्त निकै लामो देखिन्छ । नेपालमा आनन्द कुटी विहारको श्रीलंका चैत्यमा रहेको अस्थिधातु पहिलो पटक नारद महास्थविरको सौजन्यबाट प्राप्त भएको थियो । तर त्यो अस्थिधातु चोरी गर्नु पाप हो भन्ने नबुझ्ने अज्ञानी मानिसहरूले चोरेर लगे । पछि श्रीलंकाकै कोटुगोड धम्मावास महास्थविरले पूजासत्कारका लागि राख्नुभएको धातु नेपाललाई मैत्रीपूर्वक सरकारीस्तरमा नै सम्मानका साथ हस्तान्तरण भएको थियो ।

भगवान् बुद्धको अस्थिधातुलाई आज संसारले किन यति महत्वकासाथ पूजा सम्मान र सत्कार गर्छन् भन्ने कुरामा पनि इतिहासको अध्ययन गर्दा चीनकै उदाहरण लिंदा पनि धेरै कुरा थाहा हुन्छ । सम्राट अशोकले चौराशी हजार स्तुप बनाएर सुरक्षित राखेको तिनै अस्थिधातुहरू विभिन्न कालखण्डमा पनि भूगर्भमा सुरक्षित रहेकाले आज त्यसलाई उत्खनन् गर्दा पाइने गरेको र ती सबै अस्थिधातुको आफ्नो छुट्टै इतिहास गाँसिएको छ । त्यो इतिहास नसमेटिएको अस्थिधातु शाक्यमुनि बुद्धकै हो भन्ने आधारचाहिँ हुँदैन । त्यसैले हालै चीनमा शाक्यमुनि बुद्धको तालुको अस्थिधातु पाइएको सिलसिलामा अन्य दशजना बुद्धको पनि अस्थिधातु पाइयो भनेर सञ्चार माध्यममा आएको छ । त्यस समाचारलाई आधार मानेर विचार गर्ने हो भने अन्य दशजना बुद्धको अस्थिधातु पाइएको समाचारलाई दोस्रो बुद्धको रूपमा चीनले सम्बोधन गर्ने गरेको आधारमा मात्र विश्वास गर्न सकिन्छ । यो संसारमा शाक्यमुनि बुद्धको अस्थिधातु बाहेक अन्य दोस्रो तेस्रो बुद्धको अस्थिधातुसँग ऐतिहासिक शाक्यमुनि बुद्धको अस्थिधातुसँग मेल छैन ।

सम्राट अशोकले बनाएका चौरासी हजार स्तुपहरू कहाँ कहाँ सुरक्षित छन् भन्ने सम्बन्धमा छुट्टै अध्ययन अनुसन्धान गर्नुपर्छ । तथापि संक्षेपमा विचारगर्दा चीनमा पनि रहेको विश्वास गर्न थालिएको छ । हाल पाइएका अस्थिधातुहरू अशोक चैत्यमा सुरक्षित रहेको पाइएपछि यो विश्वासको आधार बनेको देखिन्छ ।

संसारमा प्रसिद्ध भइराखेको अन्य अस्थिधातुहरूमा भारतको साँची स्तुपमा पाइएको अग्रश्रावकहरू सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु पनि कुनै बेला अंग्रेजले भारतमा शासन गर्दा बेलायत पुऱ्याएका थिए । तर त्यस्लाई महाबोधि सोसाइटीको अग्रसरतामा पुनः ससम्मान भारत ल्याइएको थियो । श्रीलंका र नेपालमा समेत दर्शनार्थ ल्याइएको बेला हजारौं श्रद्धालुहरूले दर्शन गरेका थिए । यसरी शाक्यमुनि बुद्धबाहेक अन्य विशिष्ट व्यक्तिहरूको पनि अस्थिधातु सुरक्षित राख्ने चलन भएतापनि बुद्धको अस्थिधातुको जुन महत्व छ, त्यसलाई आजको संसारले विशिष्ट स्थानमा राखेको छ । संसारका विभिन्न मुलुकहरूमा अस्थिधातु मैत्री, सद्भावना र करूणाको प्रतीकको रूपमा आदान प्रदान गर्ने गरिएको छ । कुनै बेला रामग्राममा सुरक्षित राखिएको भनिएको अस्थिधातु पनि उत्खनन् हुनसक्यो भने त्यसले बुद्धअस्थि धातुको इतिहासमा महानता थपिने छ । संसारका अन्य धेरै मुलुकहरूमा दर्शन पूजनका लागि बाँड्न सकिने अवस्था अवश्य आउनेछ । ♦♦

# लेखक एवं पाठक-ग्राहक वर्गमा हार्दिक अनुरोध

- नेपालको पहिलो बौद्ध मासिक आनन्द भूमि पत्रिकाको वार्षिक ग्राहक महानुभावहरूले नविकरण गर्नुहुन हार्दिक अनुरोध गरिन्छ । सम्बन्धित क्षेत्र वा व्यक्तिमार्फत समयमैं ग्राहक नविकरण गर्नुभई सहयोग गर्नुहोला ।
- आउँदो बु. सं. २५५५ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा प्रकाशन हुने विशेषाङ्कका लागि समयमैं लेखक वर्गले बुद्ध, बुद्धधर्म, बौद्धसंस्कृति एवं दर्शन, साहित्य र इतिहाससम्बन्धी अनुसन्धानात्मक तथा सृजनात्मक लेख, रचना, कथा, कविताहरू संप्रेषण गर्नुहोला ।
- आ-आफ्ना क्षेत्रहरूमा हुने बौद्ध गतिविधिलाई सक्दो चाँडो फोन, फ्याक्स, ईमेल वा हुलाकबाट जानकारी गराउनु होस् ।
- उद्योगपति तथा व्यापारी वर्गबाट विज्ञापन दाता बन्नुभई आफ्नो व्यवसायको प्रचार तथा बुद्धधर्मप्रतिको श्रद्धा अभिव्यक्त गरी आनन्दभूमिलाई सहयोग गर्नुहोस् ।
- विगत ३७ वर्षदेखि प्रकाशन हुँदै आइरहेको नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिका लागि आफ्ना विचार, तर्क, नियात्रा, दृष्टिकोणजस्ता कुराहरू समावेश गरी वर्तमान परिप्रेक्ष्यमा अनुकुल हुने गरी जनअभिरूचिपूर्ण नयाँ नयाँ तथ्यहरूसहित यहाँहरूबाट निरन्तर रूपमा लेखरचना प्राप्त भइरहने छ भन्ने हाम्रो सद्इच्छा हो, यस कार्यले आनन्द भूमिलाई स्तरीयरूपमा प्रस्तुत गर्दैजान सकिने हुन्छ ।
- यस पत्रिकामा प्रकाशित लेख-रचनाको सम्पूर्ण जिम्मेवारी स्वयं लेखककै अभिभारा हुनेछ ।
- समयमैं लेख-रचना प्रकाशन गर्न तथा सल्लाह-सुझावका लागि anandakutivihr@gmail.com/ anandakutivihar@ntc.net.np/kondanya@soon.com मा इमेल गर्नसकिने छ ।
- सहयोग, सल्लाह, सुझाव तथा आलोचना, समालोचना आनन्दभूमिको निरन्तरताका लागि सम्बद्ध क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा लिएका छौं ।

- आनन्दभूमि परिवार, आनन्द कुटी विहार, स्वयम्भू, काठमाडौं । फोन - ४२७१४२०
anandakutivihr@gmail.com/anandakutivihar@ntc.net.np

आनन्दभूमि

**पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं**

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com/
anandakutivihar@ntc.net.np/kondanya@soon.com

# कलंक मानव जातिको



✍ डा. गणेश माली

चैत्यहरू छन् पुराना दुईचार बुद्ध भगवान्को,
अगाडि नै छ ठूलो मन्दिर एक गणेशको,
केही खुला छ ठाउँ एउटा सत्तल पनि,
वास गर्छे जहाँ एक असहाय बुढिया पनि ।

एक विहानपख त्यहाँ जम्मा भए मानिस धेर,
सामानहरू थरी थरीका ल्याई पुऱ्याए बोकी,
पूजा गरे पहिले गणेश मन्दिरभित्र पसी,
फूल अक्षेता केही चढाए चैत्यहरूमा पनि ।

ल्याई पुऱ्याए केही बेरमै ठूलो राँगो एक,
बाँधियो सत्तलको एक थाममा पनि,
आए पुजारी, गरे पूजा, होमादि विधि अनेक,
केहि नबुझिने भाषा फलाकी शंखघण्ट बजाई,
आखिर खुट्टाहरू डोरीले कसी राँगो ढाले,
घांटि रेटियो, बग्यो रगत, छिनाले गर्दन पनि ।

साँझपख जम्यो त्यहाँ भव्य भोज एक,
गरे रमझम, मांस मदिरा पनि खूब चल्यो ।
मदिराको सुरमा गरे नाचगान अनि चर्को बहस,
केही भनाभन, मुक्का मुक्की, लात्तालात्ती पनि ।
साँझ अबेर सब जना लागे आफ्नो आफ्नो बाटो,
सत्तलवासी बुढिया छेऊ फ्याँकी जूठन सारा ।

चैत्यहरूको भित्रैबाट आयो आवाज एक
"मोघ प्राणीहरू, अहो ! बाटो बिराएछन् विचरा !
कहाँ गयो शील, समाधि ? कहाँ गयो प्रज्ञा ?
कहाँ गयो सत्यमय शान्त-जीवन अनमोल ?

मान्छे जाति हाय ! आफै धामी आफै बोक्सी !
रचना गर्छन् आफै अनेकन असम्भव कथा कहानी,
अनि पत्याउँछन् आफै मानौं सत्य हुन् ती सबै,
विज्ञानभन्दा माथि ठानी र दैवी शक्ति अपार !

मानव देहमा जोडियो गजमस्तक विन शल्यकृया
कोटि सूर्य सम प्रभाशाली बनाए गजानन् ती,
मूर्ति बनाई पूजा गरे अत्यन्त भक्ति भाव ली,
राँगो ढाली स्वर्ग पठाए, मदिरा पिईकन मस्त
भई ।

बाटो विराए, शान्ति हराए, भोज भटेरमै दिन काटे,
नाम धर्मको काम पापको अत्याचार दुराचारको,
दुःखको सीमा रहने कतै, मूक दर्शक ती चैत्यहरू,
सम्झी विगतका शुभदिन आफ्नो उदासीन भै हेरी
बसे । ♦♦

**सब्बे तसन्ति दण्डस्स – सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा – न हनेय्य न घातये ।।**

सबै प्राणीहरू दण्डदेखि डराउँछन्, सबै सबै मृत्यभयले त्रसित छन् । त्यसैले आफूलाई उपमा बनाई सबैलाई आफूसमान ठानी घात-प्रतिघात गर्नु र गराउनु हुन्न । -धम्मपद, १२९

# पर्दाभित्रको एक संगीतकारको दुःखेसो

✍ प्रेमलक्ष्मी तुलाधर



किरणजस्तै तेजिलो बुद्धभजनको क्षेत्रमा विहानको न्यानो घामजस्तो संगीतकार, गीतकार भएर एउटा तेजिलो ताराझैं प्रतिष्ठित व्यक्तित्वका रूपमा परिचित ललितपुरको कनीबहालमा जन्मनुभएका किरण शाक्य बुद्ध महिमा र बुद्ध धर्मका भक्तजनप्रति अत्यन्त समर्पित व्यक्तित्व हुनुहुन्छ ।

गीत-संगीत क्षेत्रमा सितारवादक बाजे काजिमान शाक्य, गायक बुबा जगतराज शाक्य र आमा मसिनुमाया शाक्यको प्रेरणाले वि. सं. २०१३ सालदेखि नै सरल स्वभावका धनी भजनप्रेमी संगीतकार किरण शाक्यले भजन, संगीत, आधुनिक गीत, लोकगीत, राष्ट्रिय गीतप्रति झुकाव-लगाव भएको कुरा स्वयं बताउनु हुन्छ । नेपाल भाषामा मात्र धेरै गीत, भजन गाउने भएर उहाँ जति चर्चामा आउनु पर्ने हो त्यसो नभई छायाँमा परेको अनुमान लगाउन सकिन्छ । नेपालीमा पनि केही भजनगीत गाउनु हुने उहाँ किरण शाक्यले राम्रो काम गर्ने, सबैको विश्वास जित्ने आफ्नो मनसाय रहेको बताउनु हुन्छ । उहाँ भन्नुहुन्छ- संगीतको खास यस्तै भन्ने कुनै भाषा, परिभाषा हुँदैन, यो त विश्वभाषा हो । यसबाट विश्वमा जुनसुकै मुलुकका मान्छेसँग मात्र होइन द्यौतासँग समेत कुराकानी गर्न सकिन्छ । साथै भजन किर्तनमा मानिसहरू जति डुब्न सक्छन् अरू संगीतमा त्यति डुब्न सम्भव हुँदैन ।

भजनको मोहमा डुबेको किरण शाक्यको विगतलाई खोतल्दा उहाँ दुईपटक एस.एल.सी. मा फेल भए । त्यसपछि ट्यूशन पढाउने गुरु शंकरमान अमात्यले भजन मण्डलबाटै भजन गाइरहेकै समयमा जगल्टो समातेर हुत्याइदिंदा पनि उहाँले भजनको लत छोड्न सकेन । आई. ए. उत्तीर्ण गरिसकेपछि ३२ वर्षसम्म राष्ट्र बैंकको अधिकृत रहँदा समेत संगीतमै आवद्ध मिलनसार स्वभावयुक्त उहाँ किरण शाक्यले सबैसँग मिलनसार व्यवहार गर्नुहुन्थ्यो । त्यस्तै उहाँले नयाँ प्रतिभावान गायकगायिकाहरूलाई निकै प्रोत्साहित गर्नुहुन्थ्यो ।

बौद्ध विद्वान धर्मरत्न शाक्य "त्रिशुली" द्वारा रचित ८० वटाभन्दा बढी भजनगीत गाइसक्नुभएका किरण शाक्यलाई धर्मरत्न शाक्य सबैभन्दा मनपर्ने रचनाकार हुन् । २०२० सालतिर रेडियो नेपालबाट प्रशारण हुने नेपाल भाषाको कार्यक्रम "जीवन दबू" मा नेपाल भाषाका ७ वटा गीतमा आफ्नै स्वरसंगीतमा प्रत्यक्ष गाएको गीत रेडियो नेपालबाट घन्केको त्यो पहिलो खुशीको क्षण अविस्मरणीय क्षण भएको भनी किरण शाक्य बताउनु हुन्छ । त्यस बेलादेखि अगाडि बढेको उहाँको सांगीतिक यात्राको दौरान हालसम्ममा आइपुग्दा करीव ४०० भन्दा बढी गीतहरूमा संगीत राख्नुभएको छ । हाल नयाँ एल्बममा प्रज्ञानन्द स्मृति सि.डि. १,२ भाग, भदन्त प्रज्ञानन्द जीवनी डि.भि.डि., शान्ति दीप भि.सि.डि. र भर्खरै बजारमा आएको शान्ति मार्ग भि.सि.डि. र अडियो समेत करिव २५ वटाभन्दा बढी क्यासेट प्रकाशनमा आइसकेका छन् । करिव चार दर्जन बुद्धभजन दृश्य छायाँकन भई नेपाल टेलिभिजन तथा अन्य टिभि च्यानलमार्फत् प्रशारण हुने गरेका छन् । धर्मरत्न शाक्यद्वारा रचित चण्डालीका, विश्वन्तर महादान, सिद्धार्थको गृहत्याग, नेपालभाषाको सिद्धार्थया त्याग, अंगुलीमाल र उद्धार, यसरी नै कान्तिपुर टेलिफिल्म, बुद्धकालीन चलचित्रहरू पनि संगीत दिइसक्नुभएका संगीत क्षेत्रमा नाम कमाएका प्रतिभाशाली व्यक्तित्व किरण शाक्यलाई नेपालको अधिकांश टेलिभिजन

च्यानलहरूमा हरेक विहानी उहाँलाई मात्र देखिरहँदा नेपालको बौद्धभजन क्षेत्रमा उहाँ बाहेक अरु कोही छैन, एक्लो भजनताराजस्तो लाग्नसक्छ । उहाँको संगीतबद्ध बुद्धभजनका क्यासेटहरू हरेक बुद्धिष्टहरूको घरमा एउटा न एउटा नभएको विरलै हुन्छ ।

काठमाडौं बाहिर र भारतको विभिन्न तीर्थस्थलहरूमा भजनमण्डलसँग भजन किर्तनसँगै, हिन्दी, जापानी, थाई भाषाका गीतलाई अनुवाद गरेर भजन गीतमा आफ्नो कुशलता देखाउनु हुने किरण शाक्यको प्रारम्भिक संगीत शिक्षा काठमाडौं पुतलीसडकस्थित संगीत महाविद्यालयबाट सिक्नुभएको हो । प्रिन्सिपल यज्ञराज शर्मा र बुद्धरत्न तुलाधर उहाँको गुरू हुनुहुन्छ । समकालीन साथीहरूमा दिपक जंगम, भरतमुनी सिं, ताराविर सिं कंसाकार, हिरण्य भोजपूरे र गणेश रशिक र उर्मिला श्रेष्ठ हुन् ।

प्रज्ञानन्द स्मृति पुरस्कार, ज्ञानमाला रत्नवत सिरपाः स्वयम्भू, शाक्यसिंह विहार बौद्ध परियति शिक्षा, श्रीघः ज्ञानमाला भजन प्रतिभा सिरपाः, नेपाल बौद्ध परिषद् उत्तम हना-पौ सिरपाः, पदमावती सहकारी संगित सिरपाः, विश्वन्तर संगीत सिरपाः, CRAFTSMEN FOUNDATION INC U.S.A. HONDURS Music. COMPOSER सिरपाः, प्रज्ञाभवन प्रतिष्ठान सिरपाः र त्रिदेवी कल्चरबाट प्रकाशित संगीत सिरपाः आदि विभिन्न पुरस्कारले विभूषित विशिष्ट व्यक्ति हुनुहुन्छ किरण शाक्य ।

संगीतले पनि प्राण रक्षा गर्छ भन्ने धारणालाई सार्थकता दिंदै उहाँ भन्नुहुन्छ- "२०३२ सालतिर जागीरको सिलसिलामा विराटनगरको दुर्गम क्षेत्रको एउटा गाउँमा गएको बेला एकजना अधर्मी ट्रक ड्राइभरले एकजना केटीको लागि लिफ्ट दिंदै आफूलाई भने बाघ भालु लाग्ने तोरीबारी र केराबारीको अति बाक्लो घनघोर जङ्गलमा साँझ पख एक्लै छोडेर गएको बेला धेरै दुःख लागेको थियो । त्यसबेला हाट बजारबाट फर्केका ३० वटा बयलगाडाले जङ्गलबीच बसिरहँदा मेरो पुकार र चित्कार सुनी मलाई पनि यो जङ्गली डाका त होइन भनी उनीहरू डराई डराई भागे । अन्तमा कसैको सहयोग नपाउँदा अब त यही जङ्गलमा मर्ने भयो भनी प्रेमीकालाई सम्झें, अनि उनकै नाउँमा एउटा गीत गाएर मात्र मरूँ भनी "ए दूरका सितारा भन चाँदनी कहाँ छ" भन्ने गीत गाएँ, त्यही बेला भागिसकेकाहरू गीत सुनेर पुनः फर्केर मकहाँ आए र उनीहरूले मलाई उद्धार गरे । त्यसकारण संगीत मेरो जीवनजस्तै भयो । यदि मर्ने बेलामा लाने केही नियम् कानून छ भने गीत संगीत प्रतिभा नै लिएर जाने छु ।"

विदेशमा जाँदा गौतम बुद्धका सन्तान भनेर हामी नेपालीहरूको शरीरमा छोएर ढोग्ने, प्रणाम गर्ने चलन छ भने बुद्ध जन्मेको देश नेपालमा यौटा बुद्धभजन सुन्न शुक्रवार कुर्नु पर्ने र बुद्धजयन्तीलाई कुर्नुपर्ने यो कस्तो विडम्वना हो ? भनी किरण शाक्य दुःखेसो पोख्नुहुन्छ । यसैगरी नेपालमा बुद्धधर्मसम्बन्धी संघसंस्था, अन्तर्राष्ट्रियस्तरको संघसंस्था च्याउ उम्रेजस्तै उम्रिरहेका छन् तैपनि बुद्धधर्म प्रचार-प्रसार शून्य मात्रामा मात्र भएको देखिन्छ । योभन्दा दुःख लाग्दो कुरा नेपाललाई के होला त्यो पनि नाउँ मात्रको धर्मनिरपेक्ष लोकतन्त्रमा भनेर किरण शाक्य गुनासो गर्नुहुन्छ । ♦♦

## आनन्दकुटीको विशेष अनुरोध



विगत केही वर्षदेखि आनन्द कुटी विहारमा बस्दैआएका भक्तपुर निवासी **नरेन्द्र शाक्य** भनिएका, चलनचल्तीमा **खोपे** भनी चिनीने हाल उनीसँग विहारको कुनै ब्यवहार-कारोवार नहुने, विहार पनि छोडिसकेको हुनाले आनन्द कुटी विहारको नाउँमा कसैले कुनै पनि कारोबार-ब्यवहार नगर्न/नगराउन हुन समयमैं सतर्कता एवं सचेत रहनका लागि अनुरोध गर्दछौं ।

प्रार्थी :

**आनन्द कुटी विहार परिवार, स्वयम्भू**

फोन : ४२७१४२०

anandakutivihar@gmail.com

# बुद्ध र शान्ति-शिक्षा पढेपछि



✍ शिशिल चित्रकार

उपासक मोतिलाल शिल्पकारज्यूको जन्मदिनको उपलक्ष्यमा कोण्डन्यको लेख रचना संग्रहको प्रकाशित पुस्तक अध्ययनपश्चात, आफ्नो भन्नु शीर्षकमा उहाँबाट "प्रकाशित कृतिको समीक्षात्मक पठन-अध्ययन पाठकको अभिभारा पनि हो" भन्ने वाक्यांशबाट पुस्तक लिएर गई अध्ययन गरेदेखि नै केही समीक्षात्मक लेख लेख्न जाँगर भएकोले यो विश्लेषण गर्ने धृष्टता गरेको छु ।




सर्वप्रथम पुस्तकमा संकलित २१ लेखहरूको शीर्षकहरू नै आजको समाज विश्वको यथार्थ चित्रण गर्न प्रर्याप्त भएको आजको द्वन्द्व र भयानक स्थितिको लागि हामी मनुष्यहरूको कुशल कर्म, सही विचार हुनु आवश्यक भएको र पुस्तकको शीर्षकले बताएझैं शान्तिको लागि बुद्धशिक्षा अपरिहार्य भएको इंगित गर्न सक्षम भएको अनुभव हुन्छ । केही उदाहरणको लागि "बुद्ध : स्वतन्त्र चिन्तक र मननका प्रतिपादक, द्वन्द्वबाटै द्वन्द्वको समाधान हुन्न, विचार प्रदूषण शान्तिको लागि बाधक, आसक्तिले मुक्त धर्मबाट सुख प्रवाहित हुन्छ, दिगो शान्तिका लागि जुटौं, शान्तिका लागि हात मिलाऔं, कुशल मनोवृत्तिको खाँचो, शान्तिको लागि सद्भाव, अकुशलप्रतिको विजय, आसक्तिले शान्ति खलबलिन्छ, जीवनसँग स्वतन्त्रताको घनिष्ठ सम्बन्ध, धर्मको नाउँमा हिंसा त्यागौं", आदि शीर्षकहरूले आम मानिसको दैनिक जीवनको प्रत्यक्ष सरोकारका विषयवस्तुसँग घनिष्ठ तादाम्य राख्न सफल भएकोमा शंका छैन ।

लेखहरू पुराना र नयाँ पनि समावेश भएकोले कोण्डन्यले आफ्नो भन्नुमा लेख्नुभएझैं "...... प्रकाशित लेखरचना स्वयं आफैलाई ताज्जुब लागिरहेछ........ त्यतिबेलाको लेखकीय भाव अझ सशक्त थियो कि जसलाई स्वयंबाट निरन्तरता दिन नसकेको पो हो कि ?" भन्नेबाट आफ्नो स्वमूल्याङ्कनलाई समयको बहाव र समाजको परिवर्तित अवस्था र उमेरको कारणले पनि हो कि भन्ने लाग्छ तर यसलाई स्वीकार गर्नु पनि ठूलो हिम्मत चाहिने यथार्थता हो । त्यसै गरी यसभित्र कतै कतै 'दोहोरिएको जस्तो पनि नभएको होइन' भन्ने उल्लेख गर्नुभएकोमा भावमात्र दोहोरिएको नभई वाक्यांश, अनुच्छेद समेत दोहोरिएकोले कम्प्युटरको कपी पेष्टको जमानाले गरेको हो कि जस्तो लाग्दछ । (म आफू स्वयं पनि यसबाट ग्रसित छु कि ?)

माथि भनिएझैं कतिपय लेखहरूमा दोहोरिएको कुरा छन् नयाँ र पुराना लेखहरू पनि भएकोले तत्कालीन समय (बहुदलपश्चात्, २०४९, २०५०, २०५३ सालको लेख, बुद्धधर्म : एक चर्चा, बुद्ध : स्वतन्त्र चिन्तक र मननका प्रतिपादक) र नयाँ लेख- द्वन्द्वबाटै द्वन्द्वको समाधान हुन्न, (जनआन्दोलन ६२।६३ सालपश्चात्को) समाजको बदलिंदो स्वरूपलाई पनि चित्रण गर्न सफल भएको ठान्छु र वास्तविक रूपमा समाज दिन प्रतिदिन बिग्रिंदै गएको (तुलनात्मक रूपमा ) आभाष दिन यो पुस्तकले सामाजिक, धार्मिक, राजनितिक, आदि क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई महशुस गराउन हेतु होउन् र समाज विश्वको वास्तविक कल्याण मानवको कुशल कर्मद्वारा प्रेरित होउन् भन्ने कामना समेत गर्दछु ।

वर्तमान सामाजिक अवस्था भयानक भएको कुरा "विद्यमान भय, आशंका र अराजकतारूपी हाम्रो वर्तमानका काला बादल हटाउन शील-सद्भाव र मानवीयताको पक्षलिने चेतनाको विकास गर्ने अवसर प्रत्येक नागरिकले पाउन्, नागरिक नागरिकबीच सद्भाव विकास गर्न मेरो गोरूको बाह्रै टक्का भन्ने सोचाईलाई त्याग गरी केही लिनका लागि केही दिन पनि जान्ने

चेतनालाई विकास गर्न सक्ने होऔं ।" भन्ने लेखाईबाट प्रष्ट हुन्छ । (अकुशलताप्रतिको विजय २०६३, यही अनुच्छेद कुशल मनोवृत्तिको खाँचोमा समेत दोहोरिएको छ ।)

आज समाज भयावह अवस्थामा भएको, शोषकहरूको बिगबिगी भएको र स्वतन्त्रताको नाममा उपहास मात्र भएकोले बुद्धशिक्षाको अभाव भएकोले हो र समाजको विकासको लागि बुद्धशिक्षा आवश्यक भएको मा दुईमत नहोला र आजको वैज्ञानिक युगमा बुद्धशिक्षाको वास्तविकता झन प्रष्ट भएको छ ।

"आधुनिक युग स्वतन्त्र र चिन्तन र मननको युग हो । बुद्ध स्वतन्त्र, चिन्तन र मनन्का अग्रपक्षधर थिए । सही अर्थमा कुनैपनि मानव जातिलाई स्वतन्त्र र मनन गरी पूर्णरूपेण स्व-अभिव्यक्ति गर्न स्वतन्त्रता नभएसम्म नौला-नौला दर्शन, विचारधार र सिद्धान्तको विकास (निष्पादन) नै हुन सक्दैन । युक्ति, तर्क र स्व-अन्तर्चेतना अनुभूति कुरा (मन) लाई मान्नुर्पछ भन्ने "स्वतन्त्र चिन्तनको नारा" आजभन्दा २५०० वर्षअगाडि, प्राचीन युनानी (ग्रीक) दार्शनिकहरू भन्दा पनि पहिले मानव-विश्वमा स्वतन्त्र चिन्तनको" आन्दोलन दन्काउने पनि बुद्ध नै हुन् । बुद्धले वैचारिक स्वतन्त्रतमा यति ठूलो स्थान दिए कि सम्भवतः त्यति पहिले संसारमा कोही पनि धर्मसंस्थापक महात्मा-विचारक र तथाकथित महान नेता कहलाइएकाहरूले दिएका थिएनन् ।...... बुद्ध अनित्यवादी (क्षणिकवादी) हुन् । संसारमा जतिपनि वास्तविक वस्तुहरू छन् ती क्षणिक मात्र हुन् । जुन क्षणिक नै छैन, त्यो वास्तविक होइन, कल्पित हो । यत सत् तत् क्षणिकं अर्थात् जुन सत् वस्तु छ, त्यो क्षणिक हो । आधुनिक वैज्ञानिकहरूले उनको 'क्षणिकवाद'लाई स्वीकार्नै पऱ्यो । बुद्ध भन्दछन्- 'जतिपनि प्रकाश (विकासरूपी) छन् ती सबै स्वयं मानवकै हातमा छ- जसअनुरूप मानव कोही कसैमा पनि निर्भर हुनु आवश्यक छैन, आफ्नो मालिक आफै बन (अत्ता हि अत्तनो नाथो), स्वावलम्बी बन (अत्तदीपा भवथ अत्तसरणा) अदृश्यमय कुराको शरण वा सहायता लिनु व्यर्थ छ र त्यसको कुनै आवश्यकता नै छैन, वास्तवमा मनुष्य आ□नै शक्तिले अगाडि बढ्न सक्छ । त्यस्तै उनी भन्दछन- प्रयत्न त तिमीहरू आफैले गर्नुपर्छ, तथागतहरू (बुद्ध) त मार्गप्रदर्शक मात्र हुन्, प्रस्थान (उत्साह) गर्नु-नगर्नु आ-आ□नो खुशी (तुम्हे हि किच्चं आतब्बं-अक्खातारो तथागता) । यसरी उनले कसैलाई पनि लोभ र भयमा न फँसाई मानव-स्वविकासमा ठूलो जोड दिएका छन् ।" (बुद्धधर्मः एक चर्चा, २०४९, यही प्रसङ्ग बुद्धः स्वतन्त्र चिन्तक र मननका प्रतिपादक, वि.सं २०५३ तथा जीवनसँग स्वतन्त्रताको घनिष्ठ सम्बन्ध, वि.सं २०५९ लेखमा गाभिएका छन् ।)

आज नेपाललगायत विश्वमा तथाकथित स्वतन्त्रता र मानव अधिकारको तमाशा मात्र त भइरहेको छैन ? बुद्धका वाणीहरूलाई जीवनमा नउतारिकन सच्चा शान्ति र विकास नहुने यथार्थ त होइन ? इतिहासका कयौं कालखण्डमा मानवजातिले भोग्नुपरेका घटना दुर्घटनाहरूबाट कुनैपनि शिक्षा लिन जमर्को नै गरेनौं कि ? नक्कली प्रजातन्त्र, स्वतन्त्रताको चक्करमा मात्र अल्झिरहे का छौं कि ? विचारणीय कुरा हुन् ।

जीवनसँग स्वतन्त्रताको घनिष्ठ सम्बन्ध लेखमा रूसोको भनाई "मानिस स्वतन्त्रले जन्मिन्छ, तर सभ्यताको बृद्धि सँससँगै स्वतन्त्रताको पनि ह्रास हुँदै जान्छ" लाई उल्लेख गर्नुहुँदै कोण्डन्य लेख्नुहुन्छ-....."मानव जन्मजात स्वतन्त्र भएर पनि उ परतन्त्रताको जालमा अल्झिएमा उस्ले आफूमा विद्यमान क्षमता-प्रतिभा-शीप-सबलता आदि कुनैपनि कुरालाई बाहिर प्रदर्शन गर्न असमर्थ हुन्छ ।"

के आज हाम्रो समाज देश र विश्वको यही यथार्थ होइन र ? कोण्डन्य विधार्थीको नाउँबाट वि. सं. २०४८ को आनन्दभूमिमा हिलावंच्वंगु विश्वया रूप लेखको अनुवादित लेख परिवर्तन चक्रको स्वरूप लेखमा कोण्डन्य लेख्नुहुन्छ, "विज्ञानको विकासले गर्दा विश्व-मानव सभ्यताको इतिहासमा नौलो मोड श्रृजना हुनपुग्यो, नयाँ आयाम थपियो । निश्चित रूपमा यो भन्न सकिन्छ कि संसारमा विज्ञानले मानवको दुःख दुर गर्न अनेक तवरले सहयोग नै पुऱ्याएको छ । यसले मानव सभ्यतालाई उच्च बनाइदिएको छ । .....विज्ञानले गर्दा मानवमा निहित प्राकृतिक प्रकोपको डर र भय-त्रासले उत्पन्न भएको अन्धविश्वास भने हराउँदै गएको देखिन्छ । भौतिक सुख पहिलेभन्दा सयगुणा वृद्धि भएको कुरालाई अस्वीकार गर्न सकिंदैन, तापनि यी सम्पूर्ण कारणहरूले गर्दा मानिसहरूमा मानसिक शान्ति खल्बलेकै छ । वास्तविक अर्थमा विज्ञानको कर्तव्य (कार्य) अपूर्ण रहेको

छ वा पूर्ण भएको मान्न सकिंदैन । विज्ञान मानवको लागि जसरी वरदान मानिएको छ, त्यसरी नै एकदिन अभिशाप हो भनेर स्वीकार्नु पर्ने बेला पनि नजिकिंदै छ । वैज्ञानिक आविष्कारको साथ साथै आध्यात्मिक उन्नति गर्न नसकेको वा त्यसतर्फ ध्यानै नदिएकोले आज प्रतिपल-प्रतिक्षण विश्व-जगत भयभीत त्रासयुक्त रही थर्कमान भएर जीवन यापन गर्नुपर्ने बाध्यता भयो ।"

के हालसालै जापानभएको भूकम्प, सुनामी र त्यसपछि भएका आणविक भट्टीमा भएको श्रृंखलाबद्ध विस्फोटलाई विज्ञानको विकास संगसंगै विनाश आएको रूपमा लिन सकिन्छ वा सकिंदैन आज विज्ञानको विकासलाई मात्र विकास ठान्ने र देश समाज धनको पछि पछिमात्र दौडेर सत्य र असत्यलाई बेवास्ता गर्न पटमुर्खी समाजतिर उन्मुख मानव श्रृष्टि संगसंगै भएका हुन् कि ?

पूर्ववत् लेखमा कोण्डन्य लेख्नुहुन्छ,- "....विना अर्थ कुनै पनि कार्य सफल हुन्छ भनी नचिताए पनि भयो, जब अर्थ बोल्छ, तब त्यहाँ सत्य पनि चूप भइदिने भैसक्यो । अर्थ र पैसासामू सत्य नै टिक्दैन, डगमगिन्छ भने अरू त कुरै छौडौं, आजको समाज अर्थको समाज, अर्थ नहुनेले सत्य बोले पनि, गरे पनि असत्य हुने र अर्थ सम्पन्नले असत्य बोले भनि सत्य सावित भइदिने, अर्थात् अर्थ हुने मूर्ख भएर पनि विद्वान त अर्थ नहुने विद्वत् व्यक्तित्व भएर पनि मूर्ख हुने । यस अर्थमा अर्थ यति ठूलो छ कि स्वयं मानवभन्दा पनि ठूलो छ, तर ययार्थमा यी कुराहरू सही होइनन्, परन्तु यो त विद्यमान समाजको दोष मात्र हो ।....."

समग्रमा पुस्तकमा पुराना र नयाँ लेखहरूको कारणले कतिपय प्रसङ्गगहरू दोहरिएको, कतै कतै छपाई त्रुटी (अतिको ठाउँमा हति आदि) भएपनि आजको नेपाललगायत विश्वको यावत क्षेत्रको चित्रण गर्न र नेपालको विगत र हालको अवस्था समेत बुझ्न मद्दत गर्नुका साथै, बुद्धशिक्षाको महत्ता, उपादेयता, सार्थकता कुनै पनि बेला पुराना नहुने जीवन्तता रहिरहने र मानव चरित्र नै मूल मर्म हो भनी बुझाउन सफल भएको ठान्छु र प्रकाशक दाता श्री मोतिलाल शिल्पकारज्यूको दीघार्यु र स्वास्थ्यलाभको कामना समते गर्दछु । ♦♦

क्रमिक वचत गर्ने बानी बसालौं
बोट नमासी मिठो फल खाऔं

रजिष्टर्ड नं. १००/०६२-६३

**इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.**
गुरुजुधारा, काठमाण्डौ
फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८
इमेल: indrenico_operative@yahoo.com

**इन्द्रेणी सहकारीको रेमिट सेवा**

WESTERN UNION | prabhu Money Transfer | meroremit | NABIL REMIT | UNION MONEY TRANSFER CO.LTD.

**संसारको जुनसुकै ठाउँबाट पठाएको रकम**
**सप्ततारा इन्टरनेशनल प्रा.लि.**
**मार्फत**
**इन्द्रेणी सहकारी गुरूजुधारामा तुरून्तै पाइन्छ ।**
सम्पर्क फोन नं. ४३१५३४४, फ्याक्स: ४३१०४५८

पालि-त्रिपिटक अनुवाद-माला ः महापरिनिर्वाण-सूत्रको आधारमा

# बुद्धको अन्तिम यात्रा विवरण-३



✍ दुण्ड बहादुर वज्राचार्य

*गताअंकबाट क्रमशः*

त्यहाँ नालन्दास्थित पावारिक आम्रवनमा विहार गरिरहनु हुँदा भगवान्ले भिक्षुहरूलाई धेरैजसो यही नै धर्मदेशना गर्नुभएको थियो– यस्ता शील हुन्, यस्ता समाधि हुन्, यस्ता प्रज्ञा हुन् । शीलद्वारा प्रभावित भएको समाधि महाफलदायी र महाआनिशंसतर हुन्छ । समाधिद्वारा प्रभावित भएको प्रज्ञा महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त महाफलदायी र महाआनिशंसतर हुन्छ । प्रज्ञाद्वारा प्रभावित भएको चित्त राम्ररी आस्रवबाट मुक्त हुन्छ । जस्तोकि कामास्रवबाट, भवास्रवबाट तथा अविद्यास्रवबाट ।

पाटलिगाउँ वासीलाई भगवान्को उपदेश : त्यसपछि भगवान्ले नालन्दामा यथानुकूल चारिका गर्नुहुँदै आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो– "यता आऊ, आनन्द जहाँ पाटलिगाउँ *(वर्तमान पटना)* छ त्यहाँ जाऔं ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । अनि भगवान् चारिका गर्दै क्रमशः जहाँ पाटलिगाउँ हो त्यहाँ पुग्नुभयो ।

अनि पाटलिगाउँका उपासकहरूले "भगवान् पाटलिगाउँमा आइपुग्नुभयो" भन्ने खबर सुने । अनि पाटलिगाउँका उपासकहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलिगाउँका उपासकहरूलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभयो । भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भएका पाटलिगाउँका उपासकहरूले भगवान्लाई यस्तो बिन्ती गरे– "भन्ते ! भिक्षुसङ्घका साथ भगवान्ले हामीहरूको आवासथागार स्वीकार गर्नुहोस् ।"

तूष्णीभावद्वारा भगवान्ले स्वीकार गर्नुभयो ।

त्यसपछि पाटलिगाउँका उपासकहरूले भगवान्को स्वीकृतिलाई जानी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी जहाँ आवासथागार हो त्यहाँ गए । त्यहाँ पुगेपछि उनीहरू आवासथागारको सबै ठाउँमा ओछ्यानहरू लगाई आसनहरू राखी पानीको भाँडा राखी तथा तेलको दियो बाली जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलिगाउँका उपासकहरूले भगवान्लाई यस्तो बिन्ती गरे – "भन्ते ! आवासथागारका सबै ठाउँहरूमा ओछ्यानहरू लगाइसकिएका छन्, आसनहरू राखिसकिएका छन्, पानीका भाँडाहरू पनि राखिसकिएका छन् र तेलको दियो पनि बालिसकिएको छ । अब भगवान्ले जस्तो समय हो जान्नुहोस् ।"

अनि चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भगवान् साँढे बाह्र सय महान भिक्षुसङ्घका साथ जहाँ आवासथागार हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि खुट्टा पखाली आवासथागार भित्र पसी बीचको स्तम्भमा अडेस लिई पूर्वाभिमुख गरी भगवान् बस्नुभयो । भिक्षुसङ्घपनि खुट्टा पखाली आवासथागार भित्र पसी पश्चिमतिरको भित्ताको अडेस लिई भगवान्लाई नै अगाडितिर पारी पूर्वाभिमुख गरी बसे । पाटलिगाउँका उपासकहरू पनि खुट्टा पखाली आवासथागार भित्र पसी भित्ताको अडेस लिई भगवान्लाई नै अगाडितिर पारी पश्चिमाभिमुख गरी बसे । अनि भगवान्ले पाटलिगाउँका उपासकहरूलाई सम्बोधन गर्नुभयो –

(क) "गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेका यी पाँच दुष्परिणामहरू *(आदीनव)* हुन्छन् । कुन पाँच भने ?– (१) गृहपति हो ! यहाँ शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको प्रमादको कारणले गर्दा महति भोगसम्पत्तिको हानि हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो पहिलो दुष्परिणाम हो । (२) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको कु-कीर्ति शब्द फैलिन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो दोस्रो दुष्परिणाम हो । (३) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरूष क्षत्रीपरिषद्मा, ब्राह्मणपरिषद्मा गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा– जुनसुकै परिषद्मा गएपछि अविसारदनि भई चुप लागी बस्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो तेस्रो दुष्परिणाम हो । (४) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको मृत्यु मोहसहित हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो चौथो दुष्परिणाम हो । (५) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरूष शरीर

छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात, र नरकमा उत्पन्न हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो पाँचौ दुष्परिणाम हो । गृहपति हो ! शीलबाट विमुख भई दुश्शील हुनेका यी नै पाँच दुष्परिणामहरू हुन्छन् ।"

(ख) "गृहपति हो ! शीलवान् हुनेका शीलसम्पदाद्वारा हुने यी पाँच गुणहरू हुन्छन् । कुन पाँच भने ?– (१) गृहपति हो ! यहाँ शीलवान् हुनेको शीलसम्पन्न र अप्रमादको कारणले गर्दा उसलाई ठूलो भोगसम्पत्ति लाभ हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पहिलो गुण हो । (२) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको कल्याणकीर्ति शब्द फैलिन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो दोस्रो गुण हो । (३) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरूष– क्षत्रीपरिषद्मा, ब्राह्मणपरिषद्मा, गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा– जुनसुकै परिषद्मा गए पनि विशारद भई चूप न लागी बस्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो तेस्रो गुण हो । (४) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको मृत्यु मोहरहित हुन्छ । शीलवान् हुनेको शीलसम्पन्न हुने यो चौथो गुण हो । (५) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरूष शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पाँचौ गुण हो । गृहपति हो ! शीलवान् हुनेका शीलसम्पदाद्वारा यी नै पाँच गुणहरू हुन्छन् ।"

२१. त्यसपछि पाटलिगाउँका उपासकहरूलाई रातको धेरै बेरसम्म धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभई भगवान्ले उनीहरूलाई यसो भन्नुभयो –

"गृहपति हो ! रात बितिसक्यो । अब तिमीहरू जस्तो उचित समय ठान्दछौ *(गर)* ।"

"हवस्, भन्ते ! " भनी भगवान्लाई प्रत्युत्तर दिई पाटलि गाउँका उपासकहरू आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए । अनि पाटलि गाउँका उपासकहरू फर्केर गइसकेपछि भगवान् शून्यागारमा पस्नुभयो ।

पाटलिपुत्र नगर निर्माण : त्यसबखत मगधका महामात्य सुनीधवस्सकारहरू वज्जीहरूलाई रोक्नको निमित्त पाटलिग्राममा नगर बनाउँदै थिए । रातीको प्रत्यूष समयमा उठ्नुभई भगवान्ले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा केही देवताहरूले पाटलि ग्राममा भूमिभाग ग्रहण गरिरहेका देख्नुभयो । जहाँ महाप्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका थिए त्यहाँ राजाका महाप्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । जुन ठाउँमा मध्यम प्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका थिए त्यहाँ राजाका मध्यम प्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । जुन ठाउँमा हीन देवताहरूले भूमिभाग ग्रहण गरेका छन्, त्यहाँ राजाका हीन राजमहामात्यहरूको घर बनाउनमा चित्त जान्थ्यो । अनि भगवान्ले आनन्दलाई बोलाउनुभयो– "आनन्द ! पाटलिग्राममा कसले नगर बनाउँदै छ ?"

"भन्ते ! वज्जीहरूलाई रोक्नको निमित्त सुनीधवस्सकार मगधमहामात्यहरू पाटलिग्राममा नगर बनाउँदै छन् ।"

"आनन्द ! मानो त्रयस्त्रिंश देवताहरूसँग सल्लाह गरेजस्तै सुनीधवस्सकार मगधमहामात्यहरू वज्जीहरूलाई रोक्नको निमित्त पाटलिग्राममा नगर बनाउँदै छन् । आनन्द ! यहाँ रातको प्रत्यूष समयमा उठी अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा मैले देखें कि केही देवताहरू पाटलिग्राममा भूमिभाग ग्रहण गर्दैछन् । जुन ठाउँमा महाप्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका छन् त्यहाँ राजाका महाप्रभावशाली राजमहामात्यहरूको घर बनाउनमा चित्त गएको छ । जुन ठाउँमा मध्यम प्रभावशाली देवताहरूले भूमिभाग ग्रहण गरेका छन् त्यहाँ राजाका मध्यम प्रभावशाली राजमहामात्यहरूको घर बनाउन चित्त गएको छ । जुन ठाउँमा हीन देवताहरूले भूमिभाग ग्रहण गरेका छन् त्यहाँ राजाका हीन राजमहामात्यहरूको घर बनाउनमा चित्त गएको छ । आनन्द ! जहाँसम्म आर्यहरूको आवतजावत हुन्छ जहाँसम्म व्यापारीहरूको आवतजावत हुन्छ त्यहाँसम्म यो नगर गाँठका गाँठ मालहरू बिक्री हुने श्रेष्ठ नगर हुनेछ । आनन्द ! पाटलिग्राममा तीन प्रकारका भय हुने छन्– अग्निको भय, पानीको भय र परस्पर चुक्लीको भय ।"

अनि मगधमहामात्य सुनीधवस्सकार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहा गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य सुनीधवस्सकारले भगवान्लाई यस्तो भने– "तपाईं गौतमले भिक्षुसङ्घसहित हामीहरूको आजको भोजन स्वीकार्नुहोस् ।" तूष्णीभावद्वारा भगवान्ले स्वीकार्नुभयो । अनि मगधमहामात्य भगवान्ले

स्वीकार्नु भएको कुरा बुझी महामात्य सुनाधवस्सकार फर्केर गए । अनि मगधमहामात्य सुनीधवस्सकारले प्रणीत खाद्य-भोज्य तयार पार्न लगाई भगवान्‌लाई समयको सूचना दिन पठाए– "भो गौतम ! समय भयो, भोजन तयार छ ।"

अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ मगधमहामात्य सुनीधवस्सकारको भोजन गराउने ठाउँ हो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुगेपछि विछ्याइराखेको आसनमा भिक्षु सङ्घका साथ बस्नुभयो । अनि बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य-भोज्यद्वारा आफ्नै हातले सन्तर्पित गरी सन्तृप्त गराई भोजनपछि भगवान्‌ले भिक्षापात्रबाट हात हटाउनुभएपछि मगधमहामात्य सुनीधवस्सकार एक छेउमा बसे । एक छेउमा बसेका मगधमहामात्य सुनीधवस्सकारलाई भगवान्‌ले यी गाथाहरूद्वारा सम्बोधन गर्नुभयो–

"जहाँ पण्डित पुरूषहरू वास गर्छन् त्यहाँ त्यस्ता शीलवान् संयत ब्रह्मचारीहरूलाई भोजन गराउँदा–

"त्यहाँ जुन देवताहरू हुन्छन् उनीहरूलाई पुण्यदान दिनुपर्छ । अनि पूजित भएका उनीहरूले पूजा गर्छन् र मानित भई मान पनि राख्छन् ।"

"त्यसपछि उनीहरूले आमाले आफ्नो औरस पुत्रलाई अनुकम्पा राखे झैं अनुकम्पा राख्छन् । देवताद्वारा अनुकम्पित पुरूष सधैं असल देखिन्छ ।"

अनि मगधमहामात्य सुनीधवस्सकारलाई यी गाथाहरूद्वारा अनुमोदन गर्नुभई भगवान् आसनबाट उठेर जानुभयो ।

त्यसबखत मगधमहामात्य सुनीधवस्सकार "आज जुन द्वारबाट श्रमण गौतम निस्कनेछन् त्यो द्वार 'गौतमद्वार' हुनेछ । जहाँबाट गंगानदी तरेर जानेछन् त्यस स्थान 'गौतमतीर्थस्थान' हुनेछ" भन्दै भगवान्‌को पछिपछि लागि गएका थिए । अनि जुन द्वारबाट भगवान् जानुभयो त्यस द्वारको नाम 'गौतमद्वार' रहन गयो ।

अनि भगवान् जहाँ गंगानदी हो त्यहाँ जानुभयो । त्यसबखत गंगानदीमा टनाटन पानी भरिएको थियो । वारिबाट पारि जान चाहने कुनै मानिसहरू डुंगा खोज्दै थिए, कुनै मौका खोज्दै थिए भने कुनै कुल्लुं *(बाँसको मुढ्ा)* बान्दैथिए । अनि भगवान्‌ले वारिबाट पारि जान चाहने ती मानिसहरूमध्ये कसैले डुंगा खोजिरहेको र कसैले मौका खोजिरहेको देख्नुभयो । देखेर जस्तै कुनै बलवान् पुरूषले खुम्चेको बाहु पसार्छ र पसारेको बाहु खुम्च्याउँछ त्यस्तैगरी वारि तीरमा अन्तर्धान भई पारि तीरमा भिक्षुसङ्घसहित प्रकट हुनुभयो । अनि यस कारणले जान्नुभई त्यसबेला भगवान्‌ले यो उदान प्रकट गर्नुभयो–
"कुनै पुल बनाई पानी नछोई महासागरबाट तर्छन् भने कुनै पार
तर्ने कुल्लुं बाूधछन्, तर मेधावी हुनेहरू यी विना नै पार तर्छन् ।" क्रमशः ......

(श्रोत-सन्दर्भ, दीघनिकाय, वीरपूर्ण पुस्तक संग्रहालय, गाबहाल, ललितपुर, वि. सं. २०४५)


**कुम्भू'पमं कायमि'मं विदित्वा-नगरु'पमं चित्तमि'दं ठपेत्वा ।**
**योधेथ मारं पञ्ञावुधेन-जितञ्च रक्खे अनिवेसनो सिया ॥**

थ्व शरीर तज्यानावनीगु ग्वंपचा थें धकाः सीका, चित्तयात नगर समानं सुरक्षित यानाः, प्रज्ञा-शस्त्रं मारयात त्याकि, त्याकेधुंकाः अनासक्त जुयाः थःगु चित्त रक्षा यानाःच्वँ ।

**- धम्मपद**



**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

**नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर**

दशपारमिता-१२

# दान परमत्थ पारमिता



✍ आचार्य भिक्षु कुमार काश्यप

*वंगु ल्याः पाखें कथहं ....*

## दान परमत्थ पारमिता

दान पारमिता सिबे दान उपपारमिता पूर्ण याये थाकु । अभ्र दान उपपारमिता सिबे दान परमत्थ पारमिता पूर्ण याये थाकु । छाय्धाःसा दान उपपारमिताय् शारीरिक कष्ट सह यायेगु क्षमता अप्वः माःसां दान परमत्थ पारमिताय् ति जीवन हे त्यागया भावना म्वाः । परया हितार्थय् व कल्याणार्थय् बुद्धत्व आकांक्षा याइम्ह बोधि-चित्तं थःगु जीवन प्रति माया गबलें याइमखु । बोधिचित्तय् जीवन वा प्राण उत्सर्ग यायेगु तःधंगु आकांक्षा व वया निंतिं माःगु त्याग-बल न्ह्याबलें वयाके दयाच्वनी । थ्वया उदाहरण जातकीय अभिव्यक्ति म्हो मजू ।

निग्रोध-मृगया (निग्रोध जातक १२) थाय् छम्ह गर्भीणी मृग वयाः ख्वः वल । वया शाखा-मृगया पुचलं थःगु मृत्युया पाः फःवने मन मदुगु जुयाच्वन । हानं जुजुया थाय् वनाः धर्म गण्डिकाय् आत्म समर्पण याः वने खनाः ग्याःगु सिबे वया थः प्याथय् च्वंम्ह मचाप्रति माया वनाच्वंगु जुयाच्वन । तर वयागु मातृ ममताया वास्ता शाखा-मृगं मयाः । उकिं व निग्रोध-मृगया थाय् वयाः ख्वः वल । निग्रोध-मृग अले स्वयं थः जुजुया भुतूया लिक्क च्वंगु धर्म-गण्डिकाय् वना च्वंवन । हानं लिपा जुजुं वयात तोता बीवं वं छम्ह छम्ह यानाः सकल प्राणीपिन्त अभय दान काल । बौद्ध अभयदान, अहिंसा व प्रेमया क्षेत्र गथे क्रमशः विस्तृत जुयावनी धयागुया थ्व छगू बांलाःगु उदाहरण खः ।

काम्पिल्य जुजुया निम्ह काय्पिं तकं यक्षणीनं नयाबिल । तर स्वम्हम्ह राजकुमार यक्षणीनं यंकूबलय् यक्षणीयात लिना यंकल । अले पुखुली क्वबाःबलय् मचां यक्षणीया दुरू त्वन । हानं थुकिंहे उम्ह मचाप्रति यक्षणीयाके मातृ-स्नेह उत्पन्न जुल । उकिं वयात मनसे लहिनातल । थ्व हे मनूया ला सवाः तकं थूम्ह मानुष-यक्षं जयद्दिस जुजुयात ज्वन । गुम्ह काम्पिल्य जुजुया हे पाखें वयां लिपा यक्षणीनं काः मवःबलय् बचय् जूम्ह राजकुमार वया हे सद्दे किजा खः । थथे ज्वंबलय् जयद्दिसं दानया निंतिं छम्ह ब्राह्मणयात बिया तयेधुंगु वचन पुरे याना वये धकाः धयाः लिहांवयाः युवराज जुयाः च्वंम्ह बोधिसत्त्व अलीन कुमारं अबुया सत्ताय् थः वनेगु कर यात । हानं यक्षपोषित जूया निंतिं ला-हिया सवालं यक्ष-स्वभाव जुइ धुंकूम्ह मानुष-यक्षया न्ह्योने वनाः धाल, 'जि जिमि अबुया सत्ताय् वना ।' यक्षं वयात प्राणान्त पीडाया गुलि खँ धालं नं अलीनं धाल, 'अबुया सत्ताय् थः सिनाबी दुगु हे जितः सुखकर विषय खः ।' अभ्र अन्तय् यक्षयात वयाके यक्ष-लक्षण मदुगु खंकाः वयात मानुष-स्वभावय् हयाबिल । अले यक्षं मनूया ला नयेगु जक तोताछ्वःगु मखु, व स्वयं ऋषि समेतं जुयाछ्वत । (जयद्दिस जातक ५३०)

थ्व हे खँ सस पण्डित (सस जातक ३१६) या विषयय् नं खः । माकः आदि वनचर प्राणीपिनि दथुइ च्वनाः खराचां शील पालन यानाच्वन । थ्व हे शील कयाच्वंबलय् इन्द्रं वयाके भिक्षा काः वल । न्हापाया पण्डितपिसं याचकं फ्वनेवं थःत हे बलिदान यानाः थःगु ला ब्यूगु खँ लुमंकाः खराचां थःगु हे आत्म समर्पणया इच्छा यात । हानं मि छ्वयेके बियाः थःगु म्ह थाथा यायां प्रण यानाः धाल, 'यदि जिगु शरीरय् सुं प्राणी दुसा जि मी क्वबायेबलय् मसीक आःहे कुतुं वा ।' थथे धया खराचा मी हे क्वबानाबिल । तर थथे मी क्वबाःबलय् व इन्द्रं दयेकूगु मि खराचित पलिस्वानय् लाःथें जुइक सिचुया वन ।

थुपिं बपु जातकय् नं आत्म-समर्पण तकया वर्णन दुसां अन्तय् जीवन धाःसा बचय् हे जूगु क्यनातःगु दु । थुकथं थुपिं जातक दान उपपारमिताया आदर्श क्यनाः नं सुखान्त जुयाच्वंगु दु । उकिं थुमि न्ह्योने महाकपिन जातक (४०७) छतं च्वय् लाः । छाय्धाःसा थुकी प्याथय् दुम्ह मृगया सत्ताय् सिना हे बी धकाः वनाः नं जुजुया पाखें वयात अभयदान प्राप्त जू थें, अथवा अलीन अबुया सत्ताय् ला नकःवने धकाः यक्षया न्ह्योने वनं नं यक्षं वयात तोता ब्यू थें, अथवा ब्राह्मण भेषधारी इन्द्रयात थःगु ला हे दान बी धकाः मी क्वबातं नं खराचा बचय् जू थें महाकप्पिनया प्राण वानर परिषद्यात पार यानाबी धुंकाः बचय् मजू । थः माकः पुचःयात पार यानाबियाः वा निरापद अवस्थाय् छ्वयाबियाः महाकप्पिन माकः सिना हे वन । अभ्र नुगलय् दीगु जातक कथं दान परमत्थ पारमिताय् महासत्वया बाखं हे दकसिबय् बांलाः । उकिं पाली परम्परां दान परमत्थ पारमिताय् मूल उदाहरण कथं सस जातक न्ह्योने तःसां अभ्र प्राचीन शिल्पी

व चित्रं नं थ्वयात हे येकातःगु दुसां महासत्व चर्या हे थन संक्षिप्तं दान परमत्थ पारमिताया उदाहरण कथंबिइ । खः, थ्व बाखं पाली खनेमदु । अले आर्यसूरं थःगु जातकमालाय् उल्लेख याःगु व्याघ्र जातकय् तकं जुजु रानी दुगु कथं मजूनिगु खः । नेपालय् थ्व चर्याया विकास तःसकं थःगु पहलं जुल । अफ थ्वं स्वदेशी व विदेशी, विशेषतः तिब्बतीय पद्धतिया महायान सम्प्रदायया श्रद्धालु-जनतय् पुचलय्, धात्थें नेपालय् हे जूगु कथं जुयाः थासं बासं तकं सलंसः दँ न्ह्यो निसें क्वातुक जग बल्लाका च्वंच्वने धुंकूगु दु । नेपाःया विभिन्न धार्मिक साहित्यय् थ्वया प्रसंग उल्लेख तकं जुयाच्वंगु दु । धर्मया प्रभाव अप्वःगु इतिहासय् नं थ्वया चर्चा जुयाच्वंगु दु ।

## महासत्त्वया बाखं

गंधवतिपुरय् महारथ जुजुं राज्य यानाच्वन । वया महाप्रसाद, महादेव व महासत्त्व धयापि स्वम्ह काय्पिं दुगु जुयाच्वन । छन्हु स्वम्हं राजकुमारपिं थः अबुयाके बचं कयाः वन क्रिडा यायेत गंधमान पर्वतय् वन । हानं न्ह्याइपुसेच्वंगु बनय् दुने दुहां वँवं मंत्री सिपाही आदि फुकं छखे लात । अयनं राजकुमारपिं गबलें जंगलय् ह्वयाच्वंगु स्वां थ्व थ्वं थवंथवय् कयेकाः कयेकाः म्हितेगुली आनन्द तायाच्वंसा, गबलें स्वां थ्वयाः आनन्दं फेतुनाः स्वांमाः हनाः क्वखाया स्वयाः न्हिला न्हिलाच्वन । उखे मन्त्री व शैन्य सिपाहीतय् हिकः दंक राजकुमारपिं माःजुयाच्वन ।

तापाक वनान्तरय् थ्यंकाः महाप्रसादं धुं भालु लुमंकाः ग्यासें वयेकल । महादेवं नुगलय् धन्दा काल । तर महासत्त्वं धाःसा वन जंगलय् ऋषि मुनित नापलाइ ला धकाः मनं मनं आशा यानाच्वन । वँवं वँवं धात्थें दूर वनान्तरया छगू ज्वलय् छम्ह माधुँया मचा बुइकाच्वंगु नापलात । महाप्रसाद व महादेव निम्हं ग्यात । तर महासत्त्वया नुगलय् करूणां जाल । छाय्धाःसा मचापिं धुँतयसं मांम्ह धुँयात हेहेकयाः ला हे नये माः थें च्वंक सनाच्वन । मांम्ह धुँ धाःसा सने हे मफयाः म्हुतु वां वां खायाच्वन । थ्व स्वस्वं महादेव ग्यानाः महाप्रसादया लिक्क च्वं वन । महासत्त्व जक थःत थम्हं हे ल्वःमंकाः माधुँ व मचात पाखे मिखा फुति मयासे स्वयाच्वन । महाप्रसादं उम्ह माधुँ अथें हे पित्याः व प्याःचालं सीगु खँ न्ह्यथन । छाय्धाःसा वयात क्वाः क्वाः ला, क्वाः क्वाः हि हे माः । वं माः वने मफु, वयाथाय् सुं न्ह्योने वइमखु । थ्व खँ थुइवं महासत्त्व कुमारं नुगलं फये मफुत । तर थःगु मनखँ वं प्रकट मयाः । छम्हसिनं प्राण समर्पण यानाः खुम्ह खुम्ह धुँतय् प्राण बचे यायेगु गुलि तःधंगु धर्म जुइ धकाः महासत्त्वं न्ह्यथन ।

स्वम्हं राजकुमारपिं अनं चिला वन । महासत्त्वया मिखाय् धाःसा व हे माधुँ व धुँया मचात जक वयाच्वन । वं छुं उपकार धयागु याये मफुम्ह जुयाः ताकालं म्वायेगु स्वयां ला उपकार यानाः सिना वनेगु हे बेश जू भाःपिल । अले दाजुपिं निम्हसितं जिं वनय् दथुइ तयावयागु छता वस्तु कया वये, छिपिं बुलुं वनाच्वं धयाः महासत्त्व लिहां वल । तःधंगु पुण्य सम्भार छगू तोफी धकाः ग्याग्यां ब्वां ब्वां लिहां वनाखतं पित्याः प्याःचाःपिं माधुँ व मचापिं धुँतय् न्ह्योनेथ्यंक वन । वसः तोताः न्ह्योने गोतुलाबिल । तर पित्याःम्ह जुयाः नं माधुँ महासत्त्वयात थःथम्हं नये मफु । अले महासत्त्वया मती वन, 'थुपिं धुँत तःसकं हे दुर्बल जुइधुंकल । उकिं थुमिसं जितः थःथम्हं नये मफुत । आः जिं माधुँयात निं थम्हं हे ला ध्यनाः मबीकं मजिल ।' थथे मती तयाः उम्ह महासत्त्व राजकुमारं थःगु ला थःथम्हं ध्यनाः माधुँया म्हुतुइ तया ब्युब्युं बोधिसत्त्वं थःथम्हं ला ध्यने हे मफुत, अबलय् तकं धुँ नं दने फये धुंकल । धुँया मचात नं सने फये धुंकल । अले इमिसं थःथम्हं हे महासत्त्वया ला-हिःनयाः थःगु पित्याः प्याःचाः लंकल । थुकथं महासत्त्व राजकुमारं परया कारणय् थःगु प्राण समर्पित यात ।

थुखे महाप्रसाद व महादेव निम्ह राजकुमारपिनि मती गबेत नं महासत्त्व लिहां मवःगुलिं शंका वन । थुबलय् हे महासत्त्वया दान परमत्थ पारमिताया प्रभावं भूकम्प जुल । महाप्रसादया मती महासत्त्व हानं व हे माधुँयाथाय् वन जुइ धयागु नं शंका जुल । अले निम्हं थिथि खँ ल्हानाः वनय् लिहां वनाः स्वः वन । तर ज्वले थ्यंकाः स्वःबलय् इमिसं माधुँ खंके मफु । मचापिं धुँचात नं खंके मफु । उकिं हानं निम्हं विस्तारं क्वय् च्वय् क्वहां वनाः स्वःबलय् उखे थुखे हि भ्याः जुयाच्वंगु सँ व क्वँय् आदि चिच्चाः दनाच्वंगु खन । अले राजकुमारपिनि मती झन हे सन्देह जुल । अथे नं किजा महासत्त्व मखयेमा धकाः मती तयाः उखे थुखे महासत्त्व दु ला धकाः स्वः जूबलय् छमा सिमाच्वय् थः किजायागु मुकुट सहित फुक्क तिसा वसः खायातःगु खनेवं निम्हं राजकुमारपिं नं कलिलमा गोतुली थें, हा मकाःगु तःसगु सिमा तःसकं ग्वःफय् वइबलय् गोतुलीः थें मि मलखं कःम्ह मनू पीडा सह याये मफया छगू चित्कारं ग्वतुली थें भाराक्क गोतू वन । हानं लिपा मूर्छा दना नुगःपाय् ब्वब्स्यानाः तःसकं हे विलाप यात । थुखे, छखे लाःपिं मन्त्री शैन्य सिपाहीत राजकुमारपिं मामां मामां गन्धमान पर्वतय् थ्यंकः वल । अन इमिसं महाप्रसाद व महादेव निम्ह राजकुमारपिं व्हाँय् व्हाँय् ख्वयाच्वंगु नं खन । महासत्त्व राजकुमार छम्ह जक खनेमदु । पलख इमिसं थथे अथे छुं हे धाये मफुत । हानं लिपा महासत्त्वया मुकुट समेतगु तिसा-वसः सिमाय् खन । मेखे उखें थुखें हिभ्याः व सँ-क्वँय् आदि खनेवं निम्ह राजकुमारपिं लिसें इपि सकलें ह्वाँय् ह्वाँय् ख्वल ।

*कथहं ....*

# Lord Buddha as Emblem of Peace



✍ Suwarna Sakya
Ombahal, Ktm.

Peace is a emotional thing, Peace cannot be quenched without understanding it with feeling. Thus, peace is considered as an ideal. Man wants peace. He is in search of peace. Men indulge him in various activities in order to gain peace. And, for the sake of peace man also employs revolution in his condition and system. But people gaining peace is rare to find. It is impossible to obtain peace until there is suffering. Suffering always persuades man as a mirage and remains with him as a friend. Buddha gained enlightenment because of the realization of the knowledge of suffering. When Buddha stepped forward to identify the truth, he first learned about the truth of suffering. As he set out for the emancipation of the suffering, the four noble truths are propounded. Buddha became the founder of the four noble truths.

There is a cause behind the suffering and Buddha said that the cause of suffering can be eliminated. The Buddha became liberated by applying the method of emancipation of suffering. The liberation form suffering is to each the condition of peace; the Buddha who acquired peace rose to a higher level than a layman and thus called a great saint. Buddha gave the recognition of spiritual peace. Thence, he verified the balanced condition of suffering and happiness applying in his own life.

Buddha, who came from the Republican royal family, left his royal comforts and joined the family of global community, The Buddha widely, presented the course of being detached from the intrusion such as greed, enmity and fearfulness of peace. In every unit of society, Buddha's preaching became amiable. The friendly attitude is not a effortless matter. We use to remember Buddha's face when there is a loose condition of cordiality in our society. Buddha's face which is limited only to description before 1st century B.C. became ionized and known to the world by the 1st century BC. The countries maintaining peace to its people became conscious over education, culture and bureaucracy to include Buddha's peace-principle. Peace became a synonym of Buddha. In today's world, Buddha's being memorized for the peace sake internationally. Lord Buddha became a matter of pride to all Nepalese in Nepal, his birthplace; Nepalese became centralized in thinking, perceiving, philosophizing and conduction Buddha and peace as two sides of single coin. Whenever there is the realization of conflict then the slogan of peace along with the name of Buddha being uplifted. The need to involve Buddha's doesn't belong to any ethnicity or indigenous group; he is a glorious symbol of peace, commonly belonging to all.

In Buddha's own land, who gives message of peace to the world, it seems as if message of peace has become vain and the environment became distressed causing its people the great misery and regret. So much so, it is encouraging as the democracy is restored to manifest the ruling system based upon Buddhism aspired religion and the time has arrived in reality to establish Nepal as the country of Lord Buddha by assimilating such system. The effort of all leadership has become admirable in constructing Nepal as a centre of anticipation of all Nepalese with an new system by giving definite shape to the matter of multi-religious, multi-religious, multi-cultural which are limited only to slogan though it is the reality.

Nepal is really a religiously irrigated compassionate country. Every nook and corners

here is adorned with temples, because the temple is a place to lay down miseries. Nepal has become a country of innumerable temples. Nepalese forget their sorrows and inhale the peaceful breath by venerating the idols in each temple. Among such idols, the place where the most peaceful idol of Lord Buddha is placed has become more inspiring. In this context, it is natural to be delighted and relieve the satisfaction that the massage of peace is going to be firm as the prime minister himself has announced his will and eagerness to establish Buddha's image in a prime street where Nepalese and foreigners as well keep on moving. Really, the land of *Tinkune* will become priceless near the international airport. There will be no denial that such effort for peace attempt will be like responding to a great duty.

The wise men determines for the happening of good deeds. It is not necessary that everything will happen in consensus. But most agrees in good-deeds. Everyone doesn't follow even the god's grace. The kind person polishes the divine thing more but the selfish protest against it. The demons get blessings from the god but they chase the god itself. As all people are not belonging to same types, some distinguish vice and virtue while some mix and blend it to decline. That's why Lord Buddha always takes side of majority. The teaching of Buddha is located basically on *"progress and prosperity to all"*. Many believe and keep fate in great dictums of an ascetic, abbot, hermit and sages. When philosophers dive into philosophy they discuss supposing death to be alive and alive as dead and remain rigid as if the matter of law and act in the court. Whatever the reason and discussion might regard, the reality never changes and it is the universal truth. It will be duty of wise men to follow and imply sayings of learned ones as we understand those sayings are drawn to welfare of mankind. It is honor paid to our ancestor in honor preserving culture. The feeling of worship pin in from the god is like obeying the pathfinder. Establishing Buddha's image in *Tinkune* will be a psychological base. So even after establishing Buddha's image there, it will be like revealing peace and prospering the nation if all the wise people involves heartedly in conserving the idol.

It is human nature of mankind to follow with belief and fate the written and explained maxims about welfare of human being in any religion. Thus, religion is a common thing. There remains no race in human religion. Racism in religion is only the weakness of human mind. Lord Buddha expressed his opinion and conception over human religion. Because he showed the path, his disciples called it Buddhism. Buddha himself never proclaimed his teachings as religion. The emancipation of suffering and peace is prime subject of today's Buddhism. Therefore, it will be much democratic if the state includes Buddhism and declares the confusion of religious discrimination as it was the desire of all peace loving people. It will prove the fulfillment of government's promise. Similarly, it will be appropriate to step forward in commencing Lord Buddha as an emblem of peace as it will be regarded the preservation of historicity. This will also prove the suitability of the slogan; *'peace for democracy'*. It will be better that this sort of endeavor which emphasizes the welfare of mankind should be granted from all sides. It is in man's will to lead life toward positivism. ♦♦

*"People generally find pleasure in life of excitement, take delight in excitement and enjoy excitement. But when the peaceful Dhamma is taught by the Tathagata, people wish to listen to it, give ear to it and try to understand."*

**- Anguttara Nikaya, 4:128**



# Happy New Year 2068

*"Sabba papassa akaranam - kusalassa upasmpada*
*Sacittapariyodapanam - etam buddhana sasanam."*

*Not to do any evil, to cultivate good, to purify one's mind,- this is the Teaching of the Buddhas.*

*We express our Warm Greetings & Best Wishes to all the Nepalese in and outside the country.*

**Bhikshu Maitri Mahasthavir**
Chairman-Ananda kuti Vihar, Swayambhu, Kathmandu

# Meditation and Reflection-II



Bhikkhu Upatissa

Granthadhura (Ganthadhura in Pali - the first system of school) does not link meditation only because it extensively covers a vast area of knowledge as stored in the Dhamma (doctrine) – and-Vinaya (discipline) that has descended from the time of the Buddha. During the last days of his journey, addressing the disciples he said that he was old and had a little more life to remain. As he had made total use of his life he was prepared to depart leaving his disciples. On this occasion the advice he left with the disciples would still be vital for their consolation. According to his last admonition the disciples who lived out the Dhamma and Vinaya diligently could depart the round of rebirths and put an end to suffering. Here the combination of these two terms can be considered as the original teachings of the first system of school.

When we review his last statement we notice few words like 'diligence' (Appamatta), 'mindfulness' (Satimanta ),'virtuous' (Susila), 'with thought well concentrated' (Susamahita Samkappo), and safeguard your 'mind' (Sacittamanurakkhatha) are worth to mention in this context. Through the application of this terminology we know that the first system of school (Ganthadhura) has already aroused the thoughts of meditation.

Besides, if we consider scriptures are like a sprout (ankura) of meditation, meditation is like a tree - grown from that sprout. When the tree bears fruits, fruits will the culmination of both – the sprout (scriptures) and the tree (meditation) of that sprout. The culmination of practice which we consider as freedom of suffering is not as easy as we think to achieve, however, if we dedicate properly to both the process of learning (the first system of school) and putting into practice (the second system of school) will probably lead towards the culmination of practice. That is called the ultimate freedom of suffering.

In short, all scriptures delivered by the Buddha convey almost the same massage - 'peace!' Peace ('Santi paramam sukham' means freedom of suffering is ultimate happiness-Dhammapada) which in its true sense is conducive to the freedom of suffering can be approached from these two systems of schools. So, the Buddha used to recommend one of three suitable places (which can be found out in many original discourses such as 1. forest (aranna), 2. the foot of a tree (rukkhamula), and 3. a solitary place (sunnagara), for those who earnestly wished peace, freedom of suffering from the point of meditation.

If the followers of meditation had read some important scriptures or textbooks or even modern guide books written by meditation masters would lead them to acquire certain knowledge and thereby they might understand what this system of school that had served pupils' interest in the past.

Even today it would give us a clear vision of meditation if we believe the following saying of a commentator: - "At the absence of well experienced meditation master, one who is genuinely interested in meditation can take (treat) a 'meditation guide book' as his master."

Also at present those who practice meditation would have read and acquired at least a little knowledge otherwise they would not consider meditation an important part of life. Once they practiced they would know what meditation was and also know the benefits they had achieved through practice. So the adequate knowledge acquired of scriptures and text books from this first system of school would have become a basis for some learners and masters of meditation. Without knowledge of scriptures and text books and for some even normal people without reading a meditation book; they would never undertake a meditation course. In this context too, the first system of school (Ganthadhura) which can also be considered as a beacon of knowledge plays very important role to impart the firsthand knowledge of meditation prior to approaching a meditation centre.

Vipassanadhura is the second system of school that was considered very significant process of meditation leading to the knowledge of insight (Vipassana) which has been prevailed since the time of the Buddha. During the lifetime of the Buddha those who went to homelessness by renouncing worldly belongings had one of two options for their freedom of suffering. Either they dedicated to the first system of school or sought for the approach to the insight meditation through the second system of school. These two systems of schools have helped overcome unrest, pain, suffering and problems of many disciples since the time of the Buddha.

Old disciples of his time preferred the second system of school as a straightforward method as they thought they were physically weak, as they were worried about their senses and organs which if not worked properly they would not achieve the aim of their renunciation. The young lay disciples who were physically well and healthy often seemed that they wanted to devote firstly to the first system of school (Ganthadhura), devoted themselves to the study of scriptures and learning them by heart they made this system as an access to insight meditation in their later age of life. After their ordination, most of the followers seemed to have picked up a subject of meditation (Kammatthana–places of work) as guided by the Buddha. The first subject of meditation that they were given would be the subject of tranquility for the concentration of their mind to assist and cleanse their mind.

During the time of 'meditation training course', a subject of meditation (kammatthan) was recommended where the meditator should work for practice to concentrate the mind on a particular object. There are forty subjects of meditation that were used as various tools of tranquillity meditation (Samtha Bhavana). Contemplation on the virtues of the Buddha (Buddhanussati Bhavana) is one of them. (to be continued….) ♦♦

# बौद्ध गतिविधि

## आनन्द कुटीमा मासिक बुद्धपूजा

५ चैत्र २०६७, स्वयम्भू । होलि पुन्हि (फागुन) का दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । स्वयम्भू ज्ञानमाला भजनबाट ज्ञानमाला प्रस्तुत गरिएपश्चात् आनन्द कुटी विहारका सदस्यसचिव भिक्षु धर्ममूर्ति महास्थविरसमक्षपंचशील-प्रार्थना, बुद्धपूजापछि भिक्षु पियदस्सीले होलिपूर्णिमाको बारेमा विभिन्न कथानक बुद्धोपदेशलाई जो कसैले दैनिक जीवनमा उतार्न सके सुखशान्ति प्राप्त हुनसक्छ भनी धर्मदेशना गर्नुभयो । त्यसदिन उपासक धर्मवीर शाक्य परिवारबाट भोजन दान गरिएको थियो ।

## कुमार भन्तेको स्वास्थ्य लाभ



६ फागुन, काठमाडौं । आनन्दकुटी विहारका प्रमुख ८४ वर्षिय आचार्य भिक्षु कुमार काश्यप महास्थविर गत पुष ७ गतेदेखि १८ दिन अस्पतालमा भर्नाभई उपचारपछि बुद्ध विहारमा स्वास्थ्यलाभ गरिरहनु भएको छ । आराम गरिरहनुहुँदा शुभचिन्तक उपासकोपासिकाहरूबाट प्राप्त दानदातव्य आनन्दभूमिका प्रमुख सल्लाहकार भन्तेकै आज्ञानुसार प्रकाशित गरिएको छः-

| | | |
|---|---|---|
| १) | सुभाषित ज्ञानमाला संघ, गणमहा विहार | ५,०२५।- |
| २) | संघरत्न शाक्य परिवार, भक्तपुर | २,३१०।- |
| ३) | बसुन्धरादेवी तुलाधर, नक्शाल | २,०००।- |
| ३) | आनन्द कुटी मिसा पुचः, | २,०००।- |

आनन्दकुटी विहारको मिसा पुचः परिवारले चैत्र २७ गते कुमार भन्तेको दर्शनसहित बुद्ध विहारमा भोजन दान गरेको थियो भने उपासक जुजुभाई तुलाधर परिवारले कुमार भन्तेलाई विशेष गाडीको व्यवस्था गरी घुमाउन लगेको थियो ।

## प्रज्ञानन्द-स्मृतिमा महापरित्राण

८ चैत्र, नेपालका प्रथम संघनायक अग्गमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविरको पुण्यस्मृतिमा भिक्षु महासंघबाट साप्ताहिक महापरित्राण पाठ सम्पन्न भयो । नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरसमक्ष पंचशीलप्रार्थनापश्चात् शुभारम्भ गरिएको महापरित्राणमा श्रद्धेय संघउपनायक भन्तेले धर्मदेशना गर्नुभयो । महापरित्राणको समाप्तिका दिन भिक्षु कोण्डन्यले पुनर्जागरित थेरवाद बुद्धशासनका लागि योगदान गर्नुहुने सम्पूर्ण भिक्षु-अनागारिकाहरूको योगदानको कदर गरिनुपर्छ भनी उपदेश गर्नुभयो । अनागारिका ञाणसीलाको संयोजकत्वमा सम्पन्न साप्ताहिक महापरित्राण-पाठसम्बन्धी भिक्षु पञ्ञारतनले व्यवस्थापन गर्नुभयो ।

## तिपिटक अनुवाद बारे जानकारी

९ चैत्र, ललितपुर । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरको सभापतित्वमा टिपिटक न्ट्रान्सलेशन बोर्ड, नेपालले एक धार्मिक सद्भाव-मैत्रीपूर्ण कार्यक्रमको आयोजना गरी नेपालका लागि श्रीलंकाका महामहिम राजदूत थोसपाल हेवागेलाई नेपालमा त्रिपिटक अनुवादसम्बन्धी जानकारीसहितको पत्र हस्तान्तरण गरियो । नेपाल भाषामा त्रिपिटक अनुवादकको विशिष्ट पहिचान-व्यक्तित्व एवं वीरपूर्ण पुस्तक संग्रहालय, गाबहालका अध्यक्ष उपासक दुण्ड बहादुर वज्राचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपालको वर्तमान थेरवाद बुद्धशासनमा श्रीलंकाको ऐतिहासिक योगदान भएको चर्चासहित नेपालमा पालि साहित्य अनुवाद बारे संक्षिप्त इतिहासको जानकारी तथा हाल श्रीलंका, म्यांनमार्, थाइलैण्डबाट अध्ययन गरी फर्केका विद्वत भिक्षु-अनागारिकाहरू सम्पूर्ण त्रिपिटक नेपाल भाषामा अनुवाद गर्ने कार्यमा संलग्न रहेको जानकारी गराउनुभयो ।

तिपिटक न्ट्रान्सलेशन बोर्डका संयोजक भिक्षु कोण्डन्यले अनुवाद कार्यसम्बन्धी जानकारी गराउँदै श्रीलंकाली महामहिम राजदूतलाई धर्मदूतका रूपमा प्रदान गरिएको पत्र सुनाउनुभयो । महामहिम थोसपाल हेवागेले बुद्धजन्मभूमि नेपालमा त्रिपिटक अनुवाद चर्या सुखद् रहेको प्रसङ्ग चर्चा गर्दै ऐतिहासिक अनुवाद कार्यमा आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धत्ता जनाउनुभयो । अ.ने.भि. महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले त्रिपिटक अनुवादजस्तो महान कार्य अघिबढ्नु सकारात्मक भएको चर्चा गर्नुभयो ।

वीरपूर्ण पुस्तक संग्रहालयको कक्षमा सम्पन्न सो सभामा संग्रहालयको तर्फबाट अशोक वज्राचार्यले महामहिम राजदूतलाई विशेष उपहार प्रदान गर्नुभयो । अ.ने.भि. महासंघका सहसचिव भिक्षु राहुल महास्थविरले भाषा परिवर्तन गर्नुभएको सो सभा अ.ने.भि. महासंघका सचिव भिक्षु धर्ममूर्ति महास्थविरले संचालन गर्नुएको थियो ।

## १३ औं सुमंगल स्मृति दिवस

९ चैत्र, काठमाडौं । संघउपनायक भिक्षु अश्वघोष महास्थविरको विशेष समुपस्थितिमा बुद्ध विहार भृकुटीमण्डप तथा बौद्ध वृद्धाश्रमका संस्थापक दिवंगत भिक्षु सुमङ्गल महास्थविरको १३ औं गुणानुस्मरण दिवसको पुण्यस्मृतिमा विशेष कार्यक्रम सम्पन्न भयो । बुद्धले बोधिज्ञान प्राप्तिपछि बोधिवृक्षको छहारीमा ज्ञानप्राप्त गरेको गुणानुस्मरण गरी जो कसैले गरेका योगदानलाई स्मरण गर्नु पर्छ भनी संघउपनायक अश्वघोष महास्थविरले धर्मदेशना गर्नुहुँदै भन्नुभयो । धर्मकीर्ति ज्ञानमाला भजनको विशेष ज्ञानमाला भजन प्रस्तुतिपछि संघउपनायक भन्तेसमक्ष पंचशील प्रार्थना गरिएको थियो । बुद्धपूजा गराउनुहुँदै विहार प्रमुख भिक्षु कोण्डन्यले दिवंगत सुमंगल महास्थविर तथा विहारको वर्तमान अवस्थाको चर्चा परिचर्चा गर्नुहुँदै कार्यक्रम सञ्चालन गर्नुभयो । बुद्ध विहारको चतुप्रत्ययका लागि चिनी गुरूमां (विश्वशान्ति विहार-सन्ति सुखावास, चाकुपात) ले रू. एकलाख आर्थिक सहयोग गर्नुभएकोमा साधुवाद ज्ञापन गरियो । विहारका कोषाध्यक्ष उपासक मोतिलाल शिल्पकारले साधुवाद ज्ञापन गर्नुभयो । दिवंगत पद्मकुमारी राजकर्णीकारको सपरिवार, दिवंगत जुलुमकृष्ण शिल्पकारको सपरिवार तथा उपासिका कर्णकुमारी ताम्राकारको संयुक्त आयोजनामा जलपान-भोजनको सम्पूर्ण व्यवस्था तथा अनागारिका कमलाको संयोजन एवं पद्मकीर्ति विहारका उपासिकाहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

## मैत्रेय युवा संघको वार्षिकोत्सव

१२ चैत्र, भक्तपुर । लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्यको प्रमुख आतिथ्यत्वमा बुद्धधर्मको प्रचार-प्रसारमा टेवा पुऱ्याउँदै आइरहेको मैत्रेय युवा संघ, भक्तपुरको १४ औं वार्षिकोत्सव सम्पन्न भयो । भिक्षु कोण्डन्यसमक्ष पंचशील प्रार्थना र मन्तव्य दिनुभएको सो कार्यक्रममा विशेष अतिथि लोटस रिसर्च एकेदेमीका प्रमुख डा. भद्ररत्न वज्राचार्य, भक्तपुर बौद्ध संघका अध्यक्ष त्रिरत्न शाक्य, जुनु बासुकलाले मन्तव्य दिनुभयो । संघका अध्यक्ष तीर्थराज वज्राचार्यको सभापतित्वमा संचालित वार्षिक भेलामा महासचिव कृष्णचन्द्र वज्राचार्यबाट वार्षिक प्रतिवेदन, सल्लाहकार लक्ष्मीचन्द्र वज्राचार्यले स्वागत मन्तव्य दिनुभयो ।

## अन्तर्राष्ट्रिय बौद्ध सेमिनार सम्पन्न

१३ चैत्र, काठमाडौं । सम्माननीय राष्ट्रपति श्री डा. राम वरण यादवले International Conference on Buddhism : Traditional Practice and Pluralistic Innovations विषयक तीनदिने अन्तर्राष्ट्रिय सम्मेलन समुद्घाटन गर्नुभयो । प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिले बुद्धको जन्मभूमि राष्ट्र नेपालमा बुद्धका जीवनोपयोगी उपदेश, बुद्धधर्म र दर्शनलाई विकास गर्दैलान आयामिक विकासमा सम्मेलनले ठोस योगदान पुऱ्याउन सक्ने छ भनी बताउनुभयो । विशेष अतिथि नेपालका लागि भारतीय महामहित राजदूत राकेश सूदले नेपालको पवित्र लुम्बिनीमा जन्मनुभएका बुद्धले बोधगयामा संबोधि ज्ञानप्राप्त गरेपछि सारनाथबाट धर्मको विगुल फुक्नुभएको धर्म-दर्शनलाई प्रचारप्रसार गर्न भारतले सक्दो सहयोग गर्ने बताउनुभयो । थेरवाद, महायान र वज्रयान बुद्धधर्मसम्बन्धी नेपाल, भारत, भुटान, श्रीलंका, म्यांनमार् र जापानका बौद्धिक व्यक्तित्वहरूबाट १७ वटा कार्यपत्र प्रस्तुत गरिएको सो सम्मेलनमा अधिकांश भारतीय नागरिकको सहभागिता रहेको थियो । सो सम्मेलन Indian Council for Cultural Relations (ICCR), New Delhi र Center for Nepal and Asian Studies (CNAS), Tribhuvan University ले संयुक्त रुपमा आयोजना गरेको हो ।

## अ.ने.भि. महासंघको विशेष भेला

१९ चैत्र, काठमाडौं । नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यत्व तथा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरको सभापतित्वमा अ.ने.भि. महासंघको विशेष भेला महासंघको प्रधान कार्यालय, विश्व शान्ति विहारमा सम्पन्न भयो ।

वर्तमान अवस्था तथा समसामयिक विषयमा छलफल गर्नका लागि भनी आयोजित अ.ने.भि. महासंघको भेलामा संघउपनायक भिक्षु अश्वघोष महास्थविर तथा अ.ने.भि. महासंघका निवर्तमान उपाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरले **"सुखा संघस्स सामग्गी"**- एकता नै संघको बल, **"विनयो नामो सासनस्स आयु"**- विनयविधान नै बुद्धशासनको आयु विषयमा बढी महत्ता दिनुभई भिक्षु

जीवनमा नियमअनुशासन-विनयकर्मको ख्याल राख्नुपर्ने, सजगता र सतर्कतापूर्वक निरन्तरता दिनसके बुद्धशासनलाई सुदृढ रूपले अगाडि बढाउन सकिने भनी अत्यन्त गम्भीर ओवादर-उपदेश गर्नुभयो । यसरी नै बुद्ध विहारमा विशेष आराम गरिरहनुभएका अ.ने.भि. महासंघका निवर्तमान अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरबाट संप्रेषित ओवादउपदेशात्मक पत्र पढेर सुनाइयो ।

सो कार्यक्रममा अ.ने.भि. महासंघका सचिव भिक्षु धर्ममूर्ति महास्थविरले विशेष भेलाको औचित्यता बारे गहन रूपमा प्रस्तुत गर्नुहुँदै कमीकमजोरलाई आत्मसात गरिकन रचनात्मक सल्लाह-सुझावलाई समेट्न सके भविष्यमा अगाडि बढ्न मार्ग प्रशस्त हुने विचार व्यक्त गर्नुभयो । उहाँले विनयमण्डल, महापरित्राण व्यवस्थापन, धर्मप्रचार, स्वास्थ्य, अनुगमन, लुम्बिनीमा निर्माण गर्ने थेरवाद विहार निर्माणलगायत विभिन्न उपसमितिको गठन बारे जानकारी गराउनुभयो । अ.ने.भि. महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले सभाविसर्जनसँगै वर्तमान अवस्थामा प्रव्रजित जीवन र यसको संवेदनशीलता तथा थेरवाद बुद्धधर्मको चिरस्थायीका लागि सबैको ध्यानाकर्षण गराउनु हुँदै अ.ने.भि. महासंघले लुम्बिनी गुरूयोजनाअन्तर्गत थेरवाद विहार क्षेत्रमा थेरवाद बुद्धविहार निर्माण गर्ने पहल हुनु नेपालकै गौरवको विषय हो भने यसका लागि सम्बद्ध सबैले आर्थिकलगायत आवश्यक सहयोग गर्न हार्दिक आह्वान गर्नुभयो । यसैबीच अ.ने.भि. महासंघका निवर्तमान सचिव तथा लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्यले लुम्बिनी निर्माण गरिने विहार नेपालको थेरवाद शासनकै धार्मिक प्रतिष्ठाको विषय भएको हुँदा संघसदस्य सबैबाट सहयोग हुनैपर्ने सुझाव व्यक्त गर्नुभयो । महासंघका सहसचिव भिक्षु राहुल महास्थविरले साधुवाद मन्तव्य दिनुभएको सो विशेष सभा कोषाध्यक्ष भिक्षु शोभित महास्थविरले संचालन गर्नुभएको थियो ।

## आनन्दकुटीमा रक्तदान

१९ चैत्र, काठमाडौं । अमृत बौद्ध परियत्ति शिक्षालय, आनन्दकुटी विहारको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भयो । उक्त रक्तदान कार्यक्रममा भिक्षु, अनागारिका, उपासक तथा उपासिकाहरू गरी ७६ जवान ले रक्तदान गर्नुभयो । रक्तसंचार केन्द्रबाट डा. अनिलको नेतृत्वमा ३ सदस्य टोली कार्यक्रम संचालनार्थ आउनुभएको थियो ।

## लुम्बिनी उद्यान महाचैत्य उद्घाटन

२१ चैत्र, लुम्बिनी । लुम्बिनी गुरूयोजनाको अन्तर्राष्ट्रिय सांस्कृतिक तथा गुम्बा-विहारअन्तर्गत पश्चिमी क्षेत्रमा नवनिर्मित लुम्बिनी उद्यान महाचैत्यको एक विधिवत धार्मिक समारोहको आयोजना गरी समुद्घाटन सम्पन्न गरिएको छ । महामहिम थाइलैण्डका राजदूत, श्रीलंकाका राजदूत थोसपाल हेवागे, लुम्बिनी विकास कोषका उपाध्यक्ष आचार्य कर्मा साङ्बो तथा नवनिर्मित महाचैत्यका प्रमुख लामा गुरू थुङ्राम ग्याल्त्रुल रिन्पोन्छेले संयुक्त रूपमा रिबन काटी समुद्घाटन गरियो । थेरवाद, महायान तथा वज्रयानविधिअनुरूप पूजापाठ गरिएको थियो । लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्य र नेपाल अनागारिका संघका अध्यक्ष अनागारिका धम्मवतीले थेरवाद, महाचैत्यकै लामा गुरूहरूबाट महायान, धर्मोदय सभाका अध्यक्ष पं. बद्रीरत्न वज्राचार्यले वज्रयानविधिअनुरूप पूजापाठ गर्नुभयो ।

शान्ति र एकताका लागि विश्व-केन्द्र (World Centre for Peace and Unity) भनी संस्थापित सो लुम्बिनी उद्यान महाचैत्य लामा गुरू थुङ्राम ग्याल्त्रुल रिन्पोञ्छेको धार्मिक नेतृत्वमा सम्पन्न भएको हो । प्राचीन नालान्दास्थित सारिपुत्र स्तुपको शैली अनुशरण गरी निर्माण गरिएको ४५ फीटको सो महाचैत्यभित्र सुन्दर बुद्धको मूर्तिप्रतिस्थापन गरिएको छ । ७.७ रेक्टर स्केलसम्मको भूकम्प प्रतिरोधात्मक क्षमतायुक्त सो महाचैत्य अत्याधुनिक शैलीमा सुन्दर ढङ्गले निर्माण गरिएको छ ।

## नव वर्षका दिन विशेष परित्राण-पाठ

१ बैशाख, २०६८ आनन्द कुटी विहार । नयाँ वर्षको उपलक्ष्यमा सम्पूर्ण प्राणीमात्रको सुख-समृद्धिको कामनार्थ भिक्षु महासंघरत्नद्वारा आशीर्वादसहित सामूहिक महापरित्राण सम्पन्न भएको छ । विहानी शुभप्रभातसँगै शुभारम्भ हुँदा अखिल नेपाल भिक्षु महासंघका सहसचिव भिक्षु राहुल महास्थविरसमक्ष पंचशलीप्रार्थना, बुद्धपूजा र त्यसपछि उहाँ भन्तेबाट स्वागत मन्तब्यसहित उपस्थित सबैलाई नयाँ वर्षको शुभकामना दिनुभयो । महापरित्राण सम्पन्न भैसकेपछि अखिल नेपाल भिक्षु महासंघका सचिव एवं आनन्द कुटी विहार संस्थाका सदस्य सचिव भिक्षु धर्ममूर्ति महास्थविरले साधुवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा उपस्थित स्वदेशी तथा विदेशी उपासक-उपासिकाहरूलाई परित्राण जल, सूत्र-धागो वितरण गरियो । अन्तमा सबैलाई जलपान र भिक्षु तथा अनागारिकाहरूलाई भोजन दान गरियो । उक्त कार्यक्रम आनन्द कुटी विहार र निर्वाणमूर्ति विहारको संयुक्त आयोजनामा भएको थियो । जलपान, भोजन र परित्राणमण्डप मर्मतको सम्पूर्ण अभिभार निर्वाणमूर्ति विहार, किण्डालले व्यहोरेको थियो ।